# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ११८ | काठमाडौँ | बुधबार, ०३ भदौ २०८३ | Prabhab National Daily | Wednesday, 19 August 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रु. ५ |-


# कांग्रेसले पर्खेन सर्वोच्चको निर्णय

## सभापति थापाको संयोजकत्वमा महाधिवेशन मूल आयोजक समिति गठन

■ प्रभाव संवाददाता




**काठमाडौँ–** सर्वोच्च अदालतमा पार्टी आधिकारिकताको मुद्दा विचराधीन रहेकै अवस्थामा नेपाली कांग्रेसले १५औं महाधिवेशनको कार्यतालिका सार्वजनिक गरेको छ । मंगलबार साँझ कांग्रेस केन्द्रीय निर्वाचन समितिले यो कार्यतालिका सार्वजनिक गरेको हो ।

महाधिवेशन रोक्नका लागि कुनै समय नभएको सभापति गगन थापाले बताए । 'हामीसँग अब समयको सुविधा छैन, हामी संविधान, पार्टी विधान, विशेष महाधिवेशनले गरेको र अदालतले गरेको पनि बाँधिएका छौं । अदालतको फैसलामा पनि असोज १६ गतेबाट महाधिवेशन हुने भन्ने आधार बनाइएको छ । त्यसले पनि हामीहरू बाँधिएका छौं । थोरै समयमा काम गर्नुपर्ने छ,' सभापति थापाले मंगलबार केन्द्रीय कार्यालय सनेपामा भने ।

आधिकारिता विवादमा सर्वोच्चले वैशाख ४ गते निर्वाचन आयोगकै निर्णयलाई सदर गर्दा गगन सभापति बनेका थिए । त्यसपछि संस्थापनइतरले सानेपा छाडेसँगै पुनरवलोकनका लागि सर्वोच्चमा साउन २२ गते निवेदन दिएको थियो । उक्त फैसलाको पुनरवलोकन कहिले हुन्छ भन्ने विषयमा कुनै निर्णय आइसकेको छैन ।

यता साउन २६ गते पूर्वसभापति शेरबहादुर देउवापक्षले पार्टीको १५औं महाधिवेशनसम्बन्धी सम्पूर्ण गतिविधि र दीर्घकालीन निर्णयहरू तत्काल रोक्न माग गर्दै पार्टी केन्द्रीय कार्यालय र निर्वाचन आयोगलाई पत्र पठाएका थिए । पार्टी एकताका लागि पर्खेको देउवा पक्षले सुकेधारामा भेला आयोजना गरी नयाँ दल खोल्ने तयारी गरेको थियो । तर अदालतको निस्साको कारण इतरपक्ष तत्काल दल खोल्ने विषयबाट पछाडि हटेको छ । यही अवस्थामा इतरको मागमा कुनै सम्बोधन नगरी कांग्रेसले महाधिवेशनको तयारी थालेको हो ।

कांग्रेसका लागि विधानतः मंसिरसम्ममा महाधिवेशन गरिसक्नुपर्ने बाध्यकारी अवस्था रहेको कांग्रेस प्रवक्ता देवराज चालिसेले बताए । 'महाधिवेशन तोकिएको मितिमै गर्नुपर्ने बाध्यकारी छ । नेपालको संविधान र पार्टीको विधान हेरे पनि मंसिर मसान्तभित्र महाधिवेशन सम्पन्न गर्नुपर्छ,' प्रवक्ता चालिसेले भने ।



हामीसँग अब समयको सुविधा छैन, हामी संविधान, पार्टी विधान, विशेष महाधिवेशनले गरेको र अदालतले गरेको पनि बाँधिएका छौं । अदालतको फैसलामा पनि असोज १६ गतेबाट महाधिवेशन हुने भन्ने आधार बनाइएको छ । त्यसले पनि हामीहरु बाँधिएका छौं । थोरै समयमा काम गर्नुपर्ने छ ।

■ **गगन थापा**
सभापति, नेपाली कांग्रेस



महाधिवेशन तोकिएको मितिमै गर्नुपर्ने बाध्यकारी छ । नेपालको संविधान र पार्टीको विधान हेरे पनि मंसिर मसान्तभित्र महाधिवेशन सम्पन्न गर्नुपर्छ ।

■ **देवराज चालिसे**
प्रवक्ता, नेपाली कांग्रेस

### कांग्रेस १५औं महाधिवेशनको यस्तो छ कार्यतालिका

असोज १६ देखि १९ गतेसम्म सम्पन्न हुनेगरी तोकिएको महाधिवेशन भदौ २४ बाट सुरु हुने कार्यतालिका सार्वजनिक भएको छ । यसअघि भदौ २ बाट वडा अधिवेशन सुरु गर्ने भनिए पनि पूर्वसभापति शेरबहादुर देउवा समूहलाई समेट्न अधिवेशन २२ दिन ढिलागरी सुरु गर्न लागेको कांग्रेसले जनाएको छ ।

साउन २४ देखि भदौ १ गतेसम्म चलेको केन्द्रीय कार्यसमितिको बैठकले उक्त निर्णय गरेको कांग्रेस केन्द्रीय निर्वाचन समितिका संयोजक प्रेमबहादुर खड्काले बताए ।


⏭ क्रमशः पृष्ठ २ मा


कप्तानगञ्ज-गोलबजार घटनाको छानबिन प्रतिवेदन

# गोली सुरक्षाकर्मीबाटै चलेको निष्कर्ष, घुसपैठको दाबी खारेज

■ जेबी योञ्जन



फाइल तस्बिर

**काठमाडौँ–** सुनसरीको देवानगञ्ज गाउँपालिका-३ कप्तानगञ्जमा भएको हिंसात्मक घटनामा बाहिरी पक्षबाट गोली चलेको आशंका छानबिन समितिको प्रतिवेदनले खारेज गरिदिएको छ । घटनाको छानबिन गर्न गठित समितिले कप्तानगञ्जमा चलेका गोली नेपाली सुरक्षाकर्मीले नै चलाएको निष्कर्ष निकालेको छ ।

घटनापछि सुरक्षाकर्मीबाहेक अन्य व्यक्तिले गोली चलाएको हुन सक्ने चर्चा चलेको थियो । विवाद अन्य जिल्लामासमेत फैलिएपछि बाहिरी घुसपैठ भएको र आन्दोलनकारीमाथि कतैबाट गोली प्रहार भएको हुनसक्ने आशंका व्यक्त गरिएको थियो । तर, गृह मन्त्रालयका सहसचिव भूपेन्द्र थापा नेतृत्वको छानबिन समितिले यस्तो आशंकालाई पुष्टि हुने आधार नभेटेको हो ।

समितिका अनुसार कप्तानगञ्ज घटनामा नेपाल प्रहरी र सशस्त्र प्रहरीले गरी जम्मा २० राउण्ड गोली चलाएका थिए । त्यही क्रममा तीन जना युवाको ज्यान गएको निष्कर्ष प्रतिवेदनमा उल्लेख छ । छानबिन समितिका एक सदस्यले प्रभावसँग भने, 'बाहिरबाट गोली चलेको भन्ने हल्ला थियो । हाम्रो छानबिनले त्यस्तो फेला पार्न सकेन । बरु, सुरक्षाकर्मीबाटै गोली प्रहार भएको देखियो ।'

यससँगै कप्तानगञ्ज घटनामा 'बाहिरबाट गोली चलाएको' भन्ने आशंकामाथि पनि प्रश्न उठेको छ । घटना भएको दिनदेखि नै गोली कसले चलायो भन्ने विषय विवादको केन्द्रमा थियो । स्थानीय तहमामात्र होइन, सामाजिक सञ्जालमासमेत सुरक्षाकर्मीबाहेक अन्य पक्षले गोली चलाएको दाबी र आशंका फैलिएका थिए ।

समितिले घटनास्थलमा सुरक्षाकर्मीको गतिविधि, गोली चलेको विवरण र त्यसबाट भएको क्षतिलाई अध्ययन गरेर प्रतिवेदन तयार पारेको हो । कप्तानगञ्जमा १० साउन राति करिब १० बजे चर्को आवाजमा डिजे बजाएको विषयलाई लिएर विवाद सुरु भएको थियो । सामान्य विवादका रूपमा सुरु भएको विषय केही समयमै झडपमा परिणत भयो ।

- ⏭ बाहिरबाट गोली चलेको प्रमाण भेटिएन
- ⏭ सुरक्षाकर्मीकै गोलीबाट तीन युवाको मृत्यु
- ⏭ नेपाल प्रहरी र सशस्त्रबाट २० राउण्ड गोली प्रहार
- ⏭ गोली चलाउने सुरक्षाकर्मीमाथि कारबाही सिफारिस
- ⏭ सिरहामा पनि प्रहरीकै गोलीबाट गणेश यादवको मृत्यु

विवाद बढ्दै जाँदा दुवै पक्षबीच घरेलु हतियारसहित आक्रमण भएको बताइएको छ । अवस्था नियन्त्रणमा लिन नेपाल प्रहरी परिचालन भएको थियो । त्यस क्रममा प्रहरीले बल प्रयोग गरेको थियो । इलाका प्रहरी कार्यालय देवानगञ्जका इन्स्पेक्टर राकेश राई र प्रहरी चौकी कप्तानगञ्जका असई प्रकाशकुमार श्रेष्ठ सुरुमै घटनास्थलमा खटिएका थिए ।

स्थिति नियन्त्रणमा लिन प्रहरी टोली सक्रिय भइरहेकै बेला गोली चलेको थियो । तनाव थप बढेपछि सशस्त्र प्रहरीको टोली पनि घटनास्थलमा पुगेको थियो । सशस्त्र प्रहरीलेसमेत गोली चलाएको समितिको निष्कर्ष छ ।

घटनामा नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट गरी २० राउण्ड गोली चलेको पाइएको समितिका एक सदस्यले बताए । 'कप्तानगञ्जमा २० राउण्ड गोली चलेको देखिन्छ, गोली प्रहार गर्ने नेपाल प्रहरी र सशस्त्र प्रहरी देखिन्छ,' ती सदस्यले भने ।

कप्तानगञ्जको घटनामा तीन युवाको मृत्यु भएको थियो । घटनास्थलमै सुरक्षाकर्मीको गोली लागेर स्थानीय ओमप्रकाश मेहताको मृत्यु भएको थियो । ओमप्रकाशसँगै घाइते भएका जयप्रकाश मेहता र रवीन्द्र मेहताको उपचारको क्रममा मृत्यु भएको थियो । यसरी कप्तानगञ्ज घटनामामात्र तीन जनाले ज्यान गुमाएका थिए ।

घटनामा मानवीय क्षति भएपछि सुरक्षाकर्मीले गोली चलाउनु आवश्यक थियो कि थिएन भन्ने प्रश्न पनि उठेको थियो । छानबिन समितिले गोली चलाउने सुरक्षाकर्मीको भूमिकासमेत अध्ययन गरेको छ । समितिले घटनामा गोली चलाउने सुरक्षा अधिकारीमाथि आवश्यक कारबाही गर्न सिफारिस गरेको छ ।


⏭ क्रमशः पृष्ठ २ मा


सन्दर्भः वैदेशिक रोजगार


# चालु आवको पहिलो महिनामै विदेसिए ७० हजारभन्दा बढी युवा

■ प्रभाव संवाददाता

**काठमाडौँ–** चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो महिना साउनमा ७० हजार ४४१ जना युवा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका छन् । वैदेशिक रोजगार विभागले मंगलबार सार्वजनिक गरेको तथ्यांकअनुसार यसरी गएकाहरूमा ६० हजार ४७२ जना पुरुष र नौ हजार ९६९ जना महिला छन् ।

वैदेशिक रोजगार व्यवसायीले गत साउन २२ गतेदेखि नयाँ श्रम स्वीकृति नलिने घोषणा गरेसँगै रोजगारीमा जानेहरूको संख्यामा कमी आउने अपेक्षा गरिए पनि कुनै प्रभाव देखिएन । आफ्ना १५ बुँदे माग राख्दै व्यवसायीले श्रम स्वीकृति नलिने घोषणा गरेका थिए । त्यसको नौ दिनपछि सोमबार सरकारसँग सहमति भएपछि आन्दोलन स्थगित भएको हो ।

साउन महिनामा श्रम स्वीकृति लिएकामध्ये ४२ हजार ६९३ जनाले पहिलोपटक श्रम स्वीकृति लिएका हुन् । जसमा ३६ हजार ३३९ जना पुरुष र छ हजार ३५४ जना महिला छन् । उक्त महिनामा म्यानपावर व्यवसायीमार्फत २९ हजार ४४७ जनाले श्रम स्वीकृति लिएको तथ्यांक छ । जसमा २६ हजार २९७ जना पुरुष र तीन हजार १५० जना महिला छन् ।




**साउन महिनामा धेरै श्रमिक गएका मुलुक**

| देश | संख्या |
|---|---|
| युएई | १८,७८४ |
| मलेसिया | १२,४९८ |
| कतार | १०,३६० |
| साउदी अरेबिया | ८,६१३ |
| कुवेत | ४,५६७ |
| रोमानिया | २,९०८ |
| जापान | १,२४४ |
| ओमान | १,१७९ |
| पोर्चुगल | १,१७९ |
| टर्की | १,०२१ |

साउनमा १२ हजार ४४२ जना व्यक्तिगत श्रम स्वीकृतिमा गएका छन् । यसरी जानेमा नौ हजार ३४६ जना पुरुष र तीन हजार ९६ जना महिला छन् । उक्त एक महिनामा २४ हजार १३३ जना पुरुष र तीन हजार ६१५ जना महिला गरी कूल २७ हजार ७४८ जना श्रम स्वीकृति नवीकरण गरेर रोजगारीमा गएका छन् । साथै, जिटुजीमार्फत जम्मा ७१२ जना दक्षिण कोरिया र इजरायल गएको तथ्यांक छ ।

विभागका अनुसार सो अवधिमा रोजगारीको खोजीमा युवाहरू ११४ वटा मुलुक गएका छन् । जसमध्ये संयुक्त अरब इमिरेट्स (युएई) नेपालीहरूको पहिलो रोजाइको गन्तव्य बनेको छ । १५ हजार ३१८ जना पुरुष र तीन हजार ४६६ जना महिला गरी कूल १८ हजार ७८४ जना युएई गएका छन् । त्यसपछि १२ हजार ४९८ जना मलेसिया गएका छन्, जसमा १२ हजार १८१ जना पुरुष र ३१७ जना महिला छन् । तेस्रो प्रमुख गन्तव्य कतारमा १० हजार ३६० जना गएका छन् । त्यस्तै, साउदी अरेबियामा आठ हजार ६१३ र कुवेतमा चार हजार ५६७ जना गएको तथ्यांक छ ।

विगतका महिनाहरू जस्तै कोशी र मधेस प्रदेशका जिल्लाबाट रोजगारीमा जानेहरूको संख्या बढी रहेको छ । साउन महिनामा धनुषाबाट तीन हजार ३६८, झापाबाट तीन हजार १४५, मोरङबाट दुई हजार ८३५, सिरहाबाट दुई हजार ६४८ र महोत्तरीबाट दुई हजार ६२९ जना गएका छन् ।

साउनमा ४० हजार ४९६ जना श्रमिक सीपयुक्त भएर रोजगारीमा गएका छन् । जसमा ३४ हजार २७८ जना पुरुष र छ हजार २१८ जना महिला छन् ।


⏭ क्रमशः पृष्ठ २ मा



## मानव बेचबिखन नियन्त्रण गरौं

मानव बेचबिखन भन्नाले:

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने, मानिसलाई खरिद बिक्री गर्ने र जबरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानुन विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य हुन्।

तसर्थ:

- मानव बेचबिखनजन्य कार्य गर्नेरगराउनेलाई कानुनबमोजिम कारवाही हुन्छ,
- मानव बेचबिखन गरेरगराएको जानकारी पाएमा नजिकको प्रहरी कार्यालयमा खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रधानमन्त्री शाहसँग भारतका सेनाध्यक्षको शिष्टाचार भेट



**काठमाडौं (प्रस)–** प्रधानमन्त्री वालेन्द्र शाहसँग भारतका स्थल सेनाध्यक्ष जनरल धीरज सेठले शिष्टाचार भेट गरेका छन् ।

रक्षामन्त्रीसमेत रहेका प्रधानमन्त्री शाहसँग सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सेनाध्यक्ष सेठले मंगलबार शिष्टाचार भेटवार्ता गरेको प्रधानमन्त्रीकी प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालले जानकारी दिइन् । उक्त भेटमा नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तवसमेत सहभागी थिए ।

प्रधानसेनापति अशोकराज सिग्देलको औपचारिक निमन्त्रणमा सेनाध्यक्ष सेठ चारदिने भ्रमणको सिलसिलामा आइतबार काठमाडौं आएका थिए । पाँच सदस्यीय भ्रमण दलमा उनकी धर्मपत्नी कोमल सेठ पनि छिन् । सेनाध्यक्ष सेठलाई सोमबार राष्ट्रपति रामचन्द्र पौडेलले नेपाली सेनाको मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गरेका थिए ।

राष्ट्रपति भवन शीतल निवासमा आयोजित विशेष समारोहमा उनलाई मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गरिएको हो । नेपाल र भारतबीच सन् १९५० देखि एक-अर्को देशका सेना प्रमुखलाई मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गर्ने परम्परा छ ।

सोमबार नै प्रधानसेनापति सिग्देल र सेठबीच द्विपक्षीय भेटवार्तासमेत भएको थियो । त्यस अवसरमा उनहरूबीच आपसी हितका विषयका साथै नेपाल र भारतबीचको द्विपक्षीय सैन्य सम्बन्धलाई थप सुदृढ बनाउने विषयमा छलफल भएको थियो । साथै सेनाध्यक्ष सेठले नेपाली सेनालाई सैन्य तथा स्वास्थ्य उपकरण हस्तान्तरण गरेका थिए ।

मित्रराष्ट्रका उच्चपदस्थ सैनिक अधिकारीको यस किसिमको भ्रमणले दुई देशबीचको सैनिक सम्बन्धलाई अझ विस्तार एवं प्रगाढ बनाउन थप मद्दत पुग्ने नेपाली सेनाले जनाएको छ । सेनाध्यक्ष सेठ आज स्वदेश फर्कने कार्यतालिका छ ।

# जनकवि श्रेष्ठको राष्ट्रिय सम्मानका साथ अन्त्येष्टि



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली र नेपाल भाषाका अग्रणी स्रस्टा, जनकवि दुर्गालाल श्रेष्ठको राष्ट्रिय सम्मानका साथ अन्त्येष्टि गरिएको छ । बूढानीलकण्ठस्थित निवासमा ९३ वर्षको उमेरमा आइतबार राति निधन भएका श्रेष्ठको मंगलबार साँझ शोभाभगवतीमा अन्त्येष्टि गरिएको हो ।

श्रेष्ठको अन्त्येष्टिमा गृहमन्त्री सुधन गुरुङ, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठ, काठमाडौं महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डंगोललगायत विशिष्ट व्यक्तिले अन्तिम श्रद्धाञ्जलि अर्पण गरे ।

उनको पार्थिव शरीरलाई शोभाभगवतीबाट ढल्को, क्षेत्रपाटी, थहिटी, बांगेमुढा, असन, जनबहाल, किलागल, नरदेवी हुँदै पुनः क्षेत्रपाटी, जोगीपाखा भएर शोभाभगवती लगिएको थियो । सो क्रममा विभिन्न क्षेत्रका विशिष्ट व्यक्ति, साहित्यकार, कलाकार, संस्कृतिकर्मी, शुभेच्छुक तथा सर्वसाधारणले उनप्रति श्रद्धाञ्जलि अर्पण गरेका थिए ।

श्रेष्ठको निधनसँगै नेपाली साहित्यले एउटा कविमात्र नभई नेपाल र नेपाली भाषाबीच साहित्यिक सेतु निर्माण गर्ने एउटा सशक्त स्रस्टालाई गुमाएको छ । उनले करिब सात दशकदेखि कविता, गीत, बालसाहित्य, नाटक तथा नेपाल भाषाको प्रवर्द्धनमा योगदान पुऱ्याउँदै आएका थिए । मदन पुरस्कार गुठीले उनलाई नेपाल भाषा र नेपाली भाषामा सुमधुर गीत, कविता, काव्य तथा बालसाहित्य सिर्जना गर्दै नेपाली वाङ्मयमा योगदान पुऱ्याएकामा 'जगदम्बा-श्री'बाट सम्मान गरेको थियो ।

वि.सं. १९९२ मा काठमाडौंको न्हैकन्तला टोलमा जन्मिएका श्रेष्ठको प्रारम्भिक शिक्षा पद्मोदय माध्यमिक विद्यालयबाट भएको थियो । किशोर अवस्थादेखि साहित्यमा आकर्षित श्रेष्ठले विसं २००६ देखि लेखन सुरु गरेका थिए । उनको पहिलो कविता 'दुई थोपा' विसं २००९ मा 'सुस्केरा' पत्रिकामा प्रकाशित भएको थियो ।

संगीतकार न्हूच्यूँ बज्राचार्यले जनकवि श्रेष्ठको निधन नेपाली साहित्य तथा गीतसंगीत क्षेत्रका लागि अपूरणीय क्षति भएको बताए । उनका अनुसार श्रेष्ठका सिर्जनाले नेपाली गीतसंगीतलाई समृद्ध बनाउन महत्त्वपूर्ण भूमिका खेलेका छन् । श्रेष्ठका शब्दमा रहेका सरलता, गहिराइ र मानवीय संवेदनाले पुस्तौंपुस्तासम्म प्रभाव पार्ने क्षमता राख्ने उनले बताए ।

श्रेष्ठ 'सयौं थरी बाजा एउटै ताल', 'फूलको आँखामा फूलै संसार' लगायत कालजयी तथा चर्चित गीतका सर्जक थिए ।


## कुवेतमा रोजगार

कम्पनी : GOOD STOCK SNACK FOOD COMPANY — शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८३/०५/०२ — चलानी नं.: ६०२५५९८४९ — LT.No.: 346729

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 8 | 0 | स. काममा दक्ष | 140 | ६९,६१० | क.नि. | ८ घण्टा | ६ | क.नि. | छैन | छ | २ |

कम्पनी : MY ONE BAKERY RESTAURANT COMPANY — शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८३/०५/०२ — चलानी नं.: ६०२५५९८४८ — LT.No.: 346728

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DRIVER (LIGHT VEHICLE) | 2 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ७४,५८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |
| 2. | Barista | 5 | 0 | | 150 | ७४,५८३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १० गते (26 August, 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्न होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com



## कतारमा रोजगार / Qatar Engineering & Construction Company WLL

पूर्व स्वीकृति मितिः २०८३/०१/२८, पुनः विज्ञापन स्वीकृति मितिः २०८३/०५/०२, पत्र संख्याः ०८३/८४, चलानी नं.: ६०२५५१९७, LT No. ३४१९३३

| सि. नं. | कामदारको पद | माग संख्या (पु.) | माग संख्या (म.) | कामदारको न्यूनतम योग्यता | मासिक तलब (QR) | मासिक तलब (ने. रू.) | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | सुविधा खान | सुविधा बस्न | करार अवधि | कामदार छनौटको तरिका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | ०२ | | कम्पनिको नियम अनुसार | १००० | ४१,३५० | कम्पनिको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनिको नियम अनुसार | छ | छ | २ वर्ष | अन्तर्वार्ता |
| 2 | OPERATOR, MACHINES,ORDNANCE | ०१ | | | १९०० | ७८,५४६ | | | | | | | | |
| 3 | TECHNICIAN | ०१ | | | ११०० | ४५,४७४ | | | | | | | | |
| 4 | PAINTER BUILDINGS | ०१ | | | ११०० | ४५,४७४ | | | | | | | | |
| 5 | DRIVER/OPERATOR, FORKLIFT | ०२ | | | १६०० | ६६,१४४ | | | | | | | | |
| 6 | HEAVY EQUIPMENT DRIVER | ०३ | | | १९०० | ७८,५४६ | | | | | | | | |
| 7 | BUILDING WORKER | ०१ | | | ११०० | ४५,४७४ | | | | | | | | |

| सेवा शुल्क | स्वदेशमा गरिने प्रि. मेडिकल खर्च कस्ले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कस्ले व्यहोर्ने | हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क |
|---|---|---|---|---|---|---|
| निःशुल्क | कामदार आफै | दिने (क. नि. अनुसार) | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित् भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला बुझाएको रकमको भरपाई अनिवार्य रूपमा लिनुहोला (२) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला (४) विदेश जानु अघि अभिमुखिकरण वा इण्डक्सन् तालिम अनिवार्य लिनुहोला । (५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को (१) एक प्रति आफुसंग राख्नुहोला । (६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगीने सम्भावना हुन्छ । (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क राख्नुहोला छनौट भई भिषा प्राप्त गरिसकेको व्यक्तिले उक्त रोजगारमा जान नचाहेमा यस संस्थालाई भिषा बापत लागेको शुल्क क्षतिपुर्ति दिनुपर्नेछ । कुल लागत खर्चः निःशुल्क

फाइनल अन्तर्वार्ता मिति २०८३ भदौ १० गते (August २६, २०२६) कम्पनीको कार्यालयमा हुनेछ ।

अरब रिक्रुटिङ्ग सर्भिसेज प्रा. लि.
श्रम इजाजत पत्र नं. ७३/०५२/०५३
सुविधानगर, तिनकुने, काठमाडौं, फोनः ०१-४१०७९१३, मोबाइलः ९८५१०८४६७५ (खेम शेरचन)
Email: ars@arabrecruiting.com, www.arabrecruiting.com



## मलेसियामा रोजगार

कम्पनी : N9 Security Services Sdn.bhd. — Address : Uptown Avenue
पूर्व स्वीकृति मिति : २०८२/०७/२८ — पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/०२ — LT. No. 333654 — चलानी नं. ६०२४७३८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 74 | 0 | 1700 | ६४,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : Nation Protection Services Sdn.bhd. — Address : Seksyen
पूर्व स्वीकृति मिति : २०८२/०७/२४ — पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/०२ — LT. No. 333507 — चलानी नं. ६०२४७२१०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 69 | 0 | 1700 | ६४,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : Golden Etna Sdn Bhd — Address : Kawasan Perindustria
पूर्व स्वीकृति मिति : २०८२/१२/११ — पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/०२ — LT. No. 340207 — चलानी नं. ६०२५३६४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 11 | 0 | 1700 | ६४,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : Linsin Infinity Sdn Bhd — Address: Pusat Perniagaan Sen
पूर्व स्वीकृति मिति : २०८३/०२/०८ — पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/०२ — LT. No. 342529 — चलानी नं. ६०२५५८३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew/Male | 57 | 0 | 1700 | ६४,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : Jinma Food Services Sdn Bhd — Address: Taman Tun Dr Ismail
पूर्व स्वीकृति मिति : २०८२/१२/२६ — पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/०२ — LT. No. 340496 — चलानी नं. ६०२२५३९६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 2 | 0 | 1700 | ६४,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ १० गते (26th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKYPOWER FORCE PVT.LTD. (SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.)
श्रम ईजाजत नं. १२७५/०७४/७५
Jana Marga Chappal Karkhana, Kathmandu, Tel:-+977 01-5928974, 01-5928975
Mobile: 9707074612, 9707074613 Bijay Kc, Email:- bijay.skypowernepal@gmail.com



## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय लैनचौर काठमाण्डौं, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८३/०५/०३ गते बुधबारको प्रभाव राष्ट्रिय दैनिक)**

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले लिएको कर्जाको व्याज एवं किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भई यस बैंकबाट पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी तहाँ ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कर्जा चुक्ता भुक्तानी हुने मितिसम्मको बैंकलाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधी भित्र बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट नगर्नु भएको खण्डमा तपाईं ऋणी, जमानतकर्ता लगायतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सकिने, कर्जाको सुरक्षण वापत धितो रहेको सम्पत्ति तथा तहाँको अन्य कुनै वा सबै सम्पत्ति लगायत जमानतकर्ता समेतको सम्पत्तिबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री वा अन्य व्यवस्थाबाट असूल उपर गरिने र उपर्युक्तानुसारका सम्पत्तिबाट बैंकको कर्जा चुक्ता नभएको खण्डमा तहाँ ऋणी तथा जमानतकर्ताबाट कर्जा असूल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरा जानकारी गराउँदछौं । आफ्नो व्यावसायिक ख्याति, सामाजिक प्रतिष्ठा तथा बैंकको उल्लेखित काम कारवाहीबाट तहाँ ऋणी लगायत जमानतकर्ता उपर पर्न सक्ने अन्य असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पूर्ण कर्जा चुक्ता फछ्र्यौट गर्नु हुने अपेक्षा गरिएको छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौंमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७७/०८/१४ मा दर्ता नं. २४८३९३/०७७/०७८ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व कार्यालय महाराजगंज, काठमाण्डौंबाट मिति २०७७/०८/१५ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०९८६१३८३ को प्रमाणपत्र प्राप्त **मारियन ग्रिल शप प्रा.लि.।**
**ठेगाना :** काठमाडौ जिल्ला काठमाडौ म.न.पा. वडा नं. २६, सामाखुशी ।

| | |
|---|---|
| **संचालक : युबा कुमारी बुढा** (ना.प्र.नं. ५०२०५५/६६६, जारी मिति २०७४/०८/१६, प्रतिलिपि २०७१/१०/११, जारी गर्ने कार्यालय जि.प्र.का. बाग्लुङ्ग । स्थायी ठेगाना : बाग्लुङ्ग जिल्ला, बडिगाड गा.पा. वडा नं १० (साविक दर्लिङ गा.वि.स. वडा नं. ८) । हालको ठेगाना : काठमाडौ जिल्ला काठमाडौ म.न.पा. वडा नं. २६ । बाबु : तुमे बुढा भन्ने पुने बुढा । पति : उदय रावत । ससुरा : प्रसाम रावत । | **जमानतकर्ता : उदय रावत** (ना.प्र.नं. ४६९०, जारी मिति २०५३/१२/२८, प्रतिलिपी जारी मिति २०७५/०७/११, जारी गर्ने कार्यालय जि.प्र.का. मुगु) । स्थायी ठेगानाः मुगु जिल्ला खत्याड गा.पा. वडा नं. ११ । काठमाडौ जिल्ला काठमाडौ म.न.पा. वडा नं. २६, सामाखुशी । बाबु : प्रसाम रावत ।, बाजे : लक्ष्मन रावत । |

**ख. धितो सुरक्षण सम्पत्तिको विवरण :**
ऋणी **मारियन ग्रिल शप प्रा.लि** को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण .........१

**जमानतकर्ता :** उपरोक्त कर्जामा तहाँले व्यक्तिगत जमानी दिनुभएको हुंदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्न/गराउन लगाउन हुन जानकारी गराउदछौं । अन्यथा, कर्जा चुक्ता/नियमित नभएको अवस्थामा सूचना प्रकाशित भएको मितिले ९० दिन पश्चात् तहाँ जमानतकर्तालाई नेपाल राष्ट्र बैंकबाट जारी भएको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा सूचिकृत गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००



## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८३ साल भदौ महिना ३ गते बुधबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) शाखा कार्यालय : काकरभिट्टा शाखा** — **कर्जा शीर्षक : साधारण कर्जा**

| ऋणीको विवरण |
|---|
| गुणराज खनालको छोरी कृष्ण बहादुर खड्काको बुहारी हेम राज खड्काको पत्नी झापा जिल्ला मेचीनगर न.पा. वडा नं. १० हाल, मेचिनगर न.पा. वडा नं. ६ बस्ने **उमा खनाल (खड्का)** (ना.प्र.नं. : ०४-३-०३/२०९ जारी मिति र जिल्ला : २०७०/०१/२५, झापा) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) भिम बहादुर खड्काको नाति कृष्ण बहादुर खड्काको छोरा झापा जिल्ला मेची वडा नं. १० हाल, मेचिनगर न.पा. वडा नं. ६ बस्ने **हेम राज खड्का** (ना.प्र.नं. : ६४३८२२५९ जारी मिति र जिल्ला : २०५७/०३/१६, झापा) |
| २) शेर सिहं मोक्तानको नातिनी प्रितम बहादुर मोक्तानको छोरी झापा जिल्ला मे.न.पा. वडा नं. १० हाल, मेचिनगर न.पा. वडा नं. ६ बस्ने **गंगा मोक्तान गुरुङ्ग** (ना.प्र.नं. : ०४१००३/४३६ जारी मिति र जिल्ला : २०६४/०७/२७, झापा) |

**२) शाखा कार्यालय : गोपिगंज शाखा** — **कर्जा शीर्षक : साधारण कर्जा**

| ऋणीको विवरण |
|---|
| मुकुट वनियांको बुहारी सन्तोष कुमार वनियांको पत्नी नवलपरासी जिल्ला बेदौली वडा नं. ८ हाल, नवलपरासी(ब.सु.प.) जिल्ला प्रतापपुर गा.पा. वडा नं. ९ बस्ने **आशा देवि वनियां** (ना.प्र.नं. : ३६३०४५/४२४ जारी मिति र जिल्ला : २०६३/१०/२६, नवलपरासी) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| सुखदेव वनियाको नाति मुकुट वनियाको छोरा नवलपरासी जिल्ला बेदौली वडा नं. ८ हाल, नवलपरासी(ब.सु.प.) जिल्ला प्रतापपुर गा.पा. वडा नं. ९ बस्ने **सन्तोष कुमार वनिया** (ना.प्र.नं. : ४९९३२ जारी मिति र जिल्ला : २०५६/०१/१२, नवलपरासी) |

**३) शाखा कार्यालय : कोटिहवा शाखा** — **कर्जा शिर्षक : साधारण कर्जा**

| ऋणीको विवरण |
|---|
| शिउचाराम थारुको नाति बबुन्ना थारुको छोरा रुपन्देही जिल्ला बोदवार वडा नं. ९ हाल, रोहीणी गा.पा. वडा नं. ६ बस्ने **महेन्द्र थारु** (ना.प्र.नं. : १६८९२ जारी मिति र जिल्ला : २०५८/११/२७, रुपन्देही) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) दुधनाथ थारुको छोरी बबुन्ना थारुको बुहारी महेन्द्र थारुको पत्नी रुपन्देही जिल्ला बोदवार वडा नं. ९ हाल, रोहीणी गा.पा वडा नं. ६ बस्ने **कौशिल्या कुमारी थारु** (ना.प्र.नं. : ३७३०११/७५६ जारी मिति र जिल्ला : २०६३/११/१८, रुपन्देही) |
| २) जगर नाथ थारुको नाति पंचराम थारुको छोरा रुपन्देही जिल्ला धकधही वडा नं. ८ हाल, रोहीणी गा.पा. वडा नं. ३ बस्ने **दुधनाथ थारु** (ना.प्र.नं. : ४६९९४ जारी मिति र जिल्ला : २०३६/०८/०३, रुपन्देही) |

**४) शाखा कार्यालय : तम्घास शाखा** — **कर्जा शीर्षक : आवधिक सामुहिक कर्जा**

| ऋणीको विवरण |
|---|
| डण्डु प्रसाद पोखेलको नाति हरि प्रसाद पोखरेलको छोरा गुल्मी जिल्ला हस्तिचौर गा.वि.स. वडा नं. ९ हाल, इस्मा गा.पा. वडा नं. २ बस्ने **मुकुन्द पोखरेल** (ना.प्र.नं. : ४१-०१-७३-०७३४४ जारी मिति र जिल्ला : २०७३/१०/०५, गुल्मी) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| धनिश्वर पोखरेलको नाति डण्णु प्रसाद पोखरेलको छोरा गुल्मी जिल्ला जैसिथोक वडा नं. ९ हाल, धुर्कोट गा.पा. वडा नं. ४ बस्ने **हरिप्रसाद पोखरेल** (ना.प्र.नं. : १३३८ जारी मिति र जिल्ला : २०४४/१०/२४, गुल्मी) |

**५) शाखा कार्यालय : तम्घास शाखा** — **कर्जा शीर्षक : साधारण कर्जा**

| ऋणीको विवरण |
|---|
| रुद्र बहादुर सुनारको बुहारी रमेश सुनारको पत्नी गुल्मी जिल्ला रेसुङगा न.पा. वडा नं. १४ बस्ने **रिता सुनार** (ना.प्र.नं. : ४१-०१-७१-००६९७ जारी मिति र जिल्ला : २०७१/०२/०२, गुल्मी) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) दलविर सुनारको नातिनी रुद्र बहादुर सुनारको छोरी गुल्मी जिल्ला परालमी गा.वि.स वडा नं. ५ हाल, रेसुङगा न.पा. वडा नं. १४ बस्ने **ईन्द्रमाया सुनार** (ना.प्र.नं. : १८६०७ जारी मिति र जिल्ला : २०५८/०१/०३, गुल्मी) |
| २) दलविर सुनारको नाति रुद्र बहादुर सुनारको छोरा गुल्मी जिल्ला परालमी गा.वि.स वडा नं. ५ हाल, रेसुङगा न.पा. वडा नं. १४ बस्ने **रमेश सुनार** (ना.प्र.नं. : २७९९ जारी मिति र जिल्ला : २०५१/०२/०२, गुल्मी) |

**६) शाखा कार्यालय : आदमघाट शाखा** — **कर्जा शीर्षक : साना व्यक्तिगत कर्जा**

| ऋणीको विवरण |
|---|
| भुन्टे कामीको नाति शेर बहादुर कामीको छोरा धादिङ्ग जिल्ला गजुरी गा.पा. वडा नं. ८ बस्ने **रामचन्द्र तिरुवा** (ना.प्र.नं. : १५५४३ जारी मिति र जिल्ला : २०६०/१०/१५, धादिङ्ग) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| होमनाथ ढुङगानाको नाति नन्द्र प्रसाद ढुङगानाको छोरा धादिङ्ग जिल्ला किरान्चोक वडा नं. १ हाल, गजुरी गा.पा. वडा नं. ८ बस्ने **कुमार ढुङगाना** (ना.प्र.नं. : २६१/६२५२२ जारी मिति र जिल्ला : २०६९/११/०२, धादिङ्ग) |
| २) शेर बहादुर कामीको बुहारी रामचन्द्र तिरुवाको पत्नी धादिङ्ग जिल्ला किरान्चोक वडा नं. २ हाल, गजुरी गा.पा. वडा नं. ८ बस्ने **फुलमाया कामी** (ना.प्र.नं. : २६३०४४-७० /४४५ जारी मिति र जिल्ला : २०७०/०२/२१, धादिङ्ग) |

**७) शाखा कार्यालय : आदमघाट शाखा** — **कर्जा शीर्षक : साहुहिक कर्जा**

| ऋणीको विवरण |
|---|
| भुन्टे कामीको नाति शेर बहादुर कामीको छोरा धादिङ्ग जिल्ला गजुरी गा.पा. वडा नं. ८ बस्ने **रामचन्द्र तिरुवा** (ना.प्र.नं. : १५५४३ जारी मिति र जिल्ला : २०६०/१०/१५, धादिङ्ग) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) होमनाथ ढुङगानाको नाति नन्द्र प्रसाद ढुङगानाको छोरा धादिङ्ग जिल्ला किरान्चोक वडा नं. १ हाल, गजुरी गा.पा. वडा नं. ८ बस्ने **कुमार ढुङगाना** (ना.प्र.नं. : २६१/६२५२२ जारी मिति र जिल्ला : २०६९/११/०२, धादिङ्ग) |
| २) आइते सार्कीको नाति जिते सार्कीको छोरा धादिङ्ग जिल्ला कल्लेरी वडा नं. ५ हाल, गल्छी गा.पा. वडा नं. २ बस्ने **च्यासे सार्की** (ना.प्र.नं. : टो ३/७५९-०४५/४६ जारी मिति र जिल्ला : २०४६/०२/११, धादिङ्ग) |
| ३) शेर बहादुर कामीको बुहारी रामचन्द्र तिरुवाको पत्नी धादिङ्ग जिल्ला किरान्चोक वडा नं. २ हाल, गजुरी गा.पा. वडा नं. ८ बस्ने **फुलमाया कामी** (ना.प्र.नं. : २६३०४४-७० /४४५ जारी मिति र जिल्ला : २०७०/०२/२१, धादिङ्ग) |

**८) शाखा कार्यालय : आदमघाट शाखा** — **कर्जा शीर्षक : साधारण कर्जा**

| ऋणीको विवरण |
|---|
| दिल बहादुर मगरको बुहारी हिरा बहादुर सुनारी मगरको पत्नी धादिङ्ग जिल्ला कल्लेरी वडा नं. ६ हाल, गल्छी गा.पा. वडा नं. २ बस्ने **तुलमाया सुनारी मगर** (ना.प्र.नं. : २६३०३१-७०/२३ जारी मिति र जिल्ला : २०७०/०२/२१, धादिङ्ग) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) धन बहादुर मगरको नाति दिल बहादुर मगरको छोरा धादिङ्ग जिल्ला गल्छी गा.पा. वडा नं. २ बस्ने **हिरा बहादुर सुनारी मगर** (ना.प्र.नं. : २६३०३१/४८१ जारी मिति र जिल्ला : २०६३/१०/१२, धादिङ्ग) |
| २) धन बहादुर मगरको नाति जीत बहादुर मगरको छोरा धादिङ्ग जिल्ला कल्लेरी वडा नं. ६ हाल, गल्छी गा.पा. वडा नं. २ बस्ने **दुर्गाबहादुर सुनारी** (ना.प्र.नं. : २६२/३२०० जारी मिति र जिल्ला : २०५९/०९/०७, धादिङ्ग) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Central Office: Lazimpat, Kathmandu
Tel.: 01-5970887
Toll Free No.: 16600149999 (NTC), 18102149999 (Ncell)
E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# सरकार असफल हुँदा पनि कांग्रेसले टेक्न सकेन जमिन

**कांग्रेस केन्द्रीय कार्यसमितिको नौ दिन बसेको बैठकले सरकारको कार्यशैलीदेखि ग्यास अभाव, निजी क्षेत्रमाथिको धरपकड, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताजस्ता विषयमा सरकारको ध्यानाकर्षण गराएको छ । निर्णय पढ्दा लाग्छ– देशमा सरकारका कमजोरीको सूची लामै छ । यति धेरै असफलता देखाइरहेको सरकारविरुद्ध जनमत किन कांग्रेसको पक्षमा संगठित हुन सकेन ? यसको जवाफ कांग्रेस आफैंभित्र खोज्नुपर्ने अवस्था आएको छ ।**

**राष्ट्रिय स्वतन्त्र पार्टीका नेता वालेन्द्र शाह नेतृत्वको सरकारप्रति जनअसन्तुष्टि बढिरहेको बेला कांग्रेसले आफूलाई वैकल्पिक शक्तिका रूपमा प्रस्तुत गर्न सक्नुपर्थ्यो । सरकारका कमजोरीलाई तथ्यसहित उजागर गर्दै जनताका दैनिक समस्यामा साथ दिन सक्नुपर्थ्यो । तर ठीक यही समयमा कांग्रेस आन्तरिक विवाद र घरझगडामा अल्झिएको देखिन्छ । आधिकारिकता विवाद, भागशान्ति सानेपा र चुनदेवीमा छतछुल्ल भइरहेको छ । परिणामतः सरकारविरुद्ध उठेको असन्तुष्टिको राजनीतिक लाभ कांग्रेसले लिन सकेन ।**

**कांग्रेस बैठकले सरकारलाई जवाफदेही बनाउनुपर्ने विषयहरू आफैंले स्पष्टरूपमा उठाएको छ । महँगी नियन्त्रण, ग्यास आपूर्ति, निजी क्षेत्रको सुरक्षा, प्रेस स्वतन्त्रता, विपद् व्यवस्थापन, भूमिहीन समस्या र सामाजिक सद्भावजस्ता विषयमा कांग्रेसका माग जनताको वास्तविक सरोकारसँग जोडिएका छन् । तर जनताको नजरमा यी विषयभन्दा कांग्रेसभित्रको विवाद ठूलो समाचार बन्न थालेपछि पार्टीको राजनीतिक सन्देश कमजोर भएको छ ।**

**लोकतन्त्रमा सरकार असफल हुनुमात्र पर्याप्त हुँदैनह त्यसको विकल्प पनि विश्वसनीय हुनुपर्छ । सरकारप्रतिको जनआक्रोशलाई वैकल्पिक राजनीतिक शक्तिले संगठित गर्न नसक्दा त्यो आक्रोश दिशाहीन बन्न सक्छ । अहिले कांग्रेसको अवस्थाले यही खतरा देखाएको छ ।**

**प्रतिपक्षको भूमिका केवल विज्ञप्ति निकाल्ने र सरकारलाई प्रश्न गर्नेमा सीमित हुँदैन । जनतालाई 'हामीसँग विकल्प छ' भनेर दिशानिर्देश गर्ने जिम्मेवारी पनि प्रतिपक्षकै हो । कांग्रेसको पछिल्लो बैठकले सरकारलाई धेरै विषयमा प्रश्न गरेको छ । अब जनताले कांग्रेसलाई नै प्रश्न गर्ने बेला आएको छ– सरकारलाई असफल देखाएर मात्र कांग्रेस सफल हुन्छ कि आफ्नै घर व्यवस्थित गरेर पनि देखाउनुपर्छ ?**

**जनताको असन्तुष्टि सरकारप्रति बढ्दै जाँदा कांग्रेसभित्रको विवादले सरकारलाई अप्रत्याशित रूपमा राहत दिएको छ । सरकारमाथि उठ्नुपर्ने प्रश्नको ठूलो हिस्सा कांग्रेसकै आन्तरिक विवादतर्फ मोडिएको छ । यस अर्थमा सरकार कमजोर हुँदै जाँदा पनि सत्तापक्षलाई राजनीतिक हाइसञ्चो हुनुको एउटा कारण प्रमुख प्रतिपक्षको कमजोरी पनि हो ।**

**कांग्रेसले अब आत्मसमीक्षा गर्नैपर्छ । बैठकका निर्णय कागजमा सीमित राख्ने कि जनताको जीवनसँग जोडेर कार्यान्वयन गर्ने ? आन्तरिक शक्ति संघर्षलाई प्राथमिकता दिने कि देशको राजनीतिक विकल्प निर्माण गर्ने ?**

## श्रम सरोकार

# नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरू

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ । त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ ।

# युवा उद्यमशीलताको नयाँ बाटो



❑ राज कार्की

नेपालका युवामा क्षमता छैन भन्ने होइन । अवसरको कमी छ । युवा मिहेनत गर्न चाहन्छ, सिक्न चाहन्छ, व्यवसाय गर्न चाहन्छ, नयाँ सिर्जना गर्न चाहन्छ । उसलाई आवश्यक छ- सही नीति, सहज वातावरण, पुँजीमा पहुँच, बजार, प्रविधि र सम्मान । सरकारले युवालाई केही समयका लागि आर्थिक सुविधा दिएर सहयोग गर्न सक्छ तर सीप, रोजगारी र उद्यमको वातावरण निर्माण गरेरमात्र दीर्घकालीन आत्मनिर्भरता सुनिश्चित गर्न सक्छ ।

नेपाल आज एउटा महत्त्वपूर्ण मोडमा उभिएको छ । देशको ठूलो जनशक्ति युवा छ । युवासँग ऊर्जा छ, सिर्जनशीलता छ, नयाँ कुरा सिक्ने क्षमता छ र परिवर्तन गर्ने साहस पनि छ तर यही युवा जनशक्ति आज रोजगारी, उद्यम, सीप र भविष्यको सुनिश्चितताको खोजीमा छ । कोही विदेश जाने तयारीमा छ, कोही वैदेशिक रोजगारीबाट फर्किएर नेपालमा केही गर्न चाहन्छ, कोही सानो व्यवसाय सुरु गर्ने सपना बोकेर बैंक तथा सरकारी कार्यालयको ढोका चहारिरहेको छ । यस्तो अवस्थामा युवाको अपेक्षा केवल सरकारले दिने आर्थिक सुविधा वा अनुदानमा सीमित हुनु हुँदैन ।

युवाले खोजेको वास्तविक कुरा अवसर हो, आत्मनिर्भर हुने वातावरण हो, आफ्नो सीपको सम्मान हो र आफ्नो श्रमबाट भविष्य निर्माण गर्ने बाटो हो । नेपाल सरकारले राष्ट्रिय युवा नीति-२०८२ अघि सारेको छ । मन्त्रालयले पनि युवालाई शिक्षित, सीपयुक्त, अनुशासित र उद्यमशील बनाउँदै राष्ट्र निर्माणमा परिचालन गर्ने विषयलाई महत्त्वपूर्ण मानेको छ । अब चुनौती नीति बनाउनेमात्र होइन, त्यसलाई युवाको दैनिक जीवनमा महसुस हुनेगरी कार्यान्वयन गर्नु हो । त्यसैले आजको आवश्यकता स्पष्ट छ- सहज सुविधा होइन, सीप, रोजगारी, उद्यम र सम्मान चाहन्छ युवा ।

अनुदान समस्याको समाधान होइन

युवालाई आर्थिक सहयोग गर्नु आवश्यक हुनसक्छ तर एकपटक अनुदान दिएरमात्रै युवाको भविष्य सुरक्षित हुँदैन । बरु त्यस्तो सहयोगलाई सीप, व्यवसाय र उत्पादनसँग जोड्न सकिएमा त्यसको प्रभाव दीर्घकालीन हुन्छ । मानौं, कुनै युवालाई सिलाइ मेसिन दिइयो । मेसिन पाउनु राम्रो कुरा हो तर त्यसपछि के त ? भन्ने प्रश्न आउँछ । उसलाई आधुनिक डिजाइन सिकाइयो कि सिकाइएन ? बजार कहाँ छ भनेर जानकारी दिइयो कि दिइएन ? डिजिटल मार्केटिङ सिकाइयो कि सिकाइएन ? बैंकिङ तथा लेखा व्यवस्थापनको ज्ञान दिइयो कि दिइएन ? उत्पादनलाई ब्राण्ड बनाएर बिक्री गर्ने अवसर दिइयो कि दिइएन ? भन्ने कुरा महत्त्वपूर्ण हुन्छ ।

यदि यी प्रश्नको उत्तर छैन भने मेसिन एउटा सामानमात्र बन्न सक्छ तर मेसिनसँगै सीप, बजार, प्रविधि, वित्तीय ज्ञान र उद्यमशीलता जोडियो भने त्यही मेसिन एउटा रोजगारीको केन्द्र बन्नसक्छ । त्यसैले अबको युवा नीति 'युवालाई के दिने ?' भन्दा 'युवालाई के गर्न सक्ने बनाउने ?' भन्ने प्रश्नबाट निर्देशित हुनुपर्छ ।

### सीपलाई दोस्रो दर्जाको काम नठानौं

नेपालमा अझै पनि एउटा सामाजिक सोच परिवर्तन गर्न आवश्यक छ- सीपमूलक कामलाई सानो काम ठान्ने प्रवृत्ति । हामीले डिग्रीलाई सम्मान गर्छौं तर सीपलाई त्यति सम्मान गर्दैनौं । कार्यालयको जागिरलाई प्रतिष्ठित ठान्छौं, तर आफ्नो हातको सीप प्रयोग गरेर व्यवसाय गर्ने व्यक्तिलाई त्यति महत्त्व दिँदैनौं । यो सोच परिवर्तन नगरी युवा आत्मनिर्भर बन्न सक्दैन । टेलरिङ, बुनाइ, काष्ठकला, धातुकला, हस्तकला, कृषि, पर्यटन, होटल व्यवसाय, निर्माण, सौन्दर्य सेवा, सूचना प्रविधि, डिजाइन तथा अन्यअ प्राविधिक क्षेत्रमा सीप भएका युवाले देशको अर्थतन्त्रमा ठूलो योगदान दिन सक्छन् ।

म आफैं परम्परागत सीपसँग जोडिएको व्यवसायमा काम गरिरहेको युवा व्यवसायी भएकाले मैले नजिकबाट देखेको कुरा हो- सीप पुरानो हुन सक्छ, तर सोच कहिल्यै पुरानो हुनु हुँदैन । परम्परागत टेलरिङलाई आधुनिक फेसन उद्योगमा बदल्न सकिन्छ । स्थानीय उत्पादनलाई राष्ट्रिय ब्राण्ड बनाउन सकिन्छ । हातको सीपलाई डिजिटल प्रविधिसँग जोड्न सकिन्छ । यही परिवर्तनका लागि युवा नीतिले प्रोत्साहन दिनुपर्छ ।

### विदेश जाने बाध्यता कम गरौं

वैदेशिक रोजगारी नेपाली युवाको एउटा महत्त्वपूर्ण विकल्प बनेको छ । विदेश गएर आफ्नो परिवार र देशको अर्थतन्त्रमा योगदान गर्ने युवाको श्रमको सम्मान हुनुपर्छ । तर प्रश्न अर्को पनि छ- नेपालमै युवाले भविष्य देख्न सक्ने वातावरण हामीले कहिले बनाउने ?

यदि एउटा युवा नेपालमा बसेर आफ्नो सीप प्रयोग गरी राम्रो आम्दानी गर्न सक्छ, सानो व्यवसायलाई ठूलो बनाउन सक्छ र अरू पाँच वा दस जनालाई रोजगारी दिन सक्छ भने त्यसले देशको अर्थतन्त्रमा अझ ठूलो योगदान पुऱ्याउन सक्छ । त्यसैले 'विदेश नजाऊ' भनेरमात्र युवालाई रोक्न सकिँदैन । देशमै रोजगारी, बजार, पुँजी, प्रविधि र सम्मान दिनुपर्छ । युवाले नेपालमै सम्भावना देख्न थालेपछि मात्र वैदेशिक रोजगारीको बाध्यता क्रमशः कम गर्न सकिन्छ ।

### शिक्षा र सीपबीचको दूरी हटाउनुपर्छ

नेपालको शिक्षा प्रणालीमा पनि परिवर्तन आवश्यक छ । सबै युवाले एउटै बाटो रोज्नुपर्छ भन्ने छैन । कसैलाई विश्वविद्यालयको शिक्षा आवश्यक हुन्छ, कसैलाई प्राविधिक शिक्षा, कसैलाई व्यावसायिक तालिम र कसैलाई आफ्नै व्यवसाय सञ्चालन गर्ने सीप । विद्यालय तहदेखि नै युवालाई 'सिक र कमाऊ' अर्थात् सिक्दै कमाउने संस्कृतिसँग जोड्न सकिन्छ ।

फेसन डिजाइन, टेलरिङ, कृषि प्रविधि, होटल व्यवस्थापन, डिजिटल मार्केटिङ, इलेक्ट्रिकल, प्लम्बिङ, निर्माण, हस्तकला, सौन्दर्य सेवा, सूचना प्रविधिजस्ता क्षेत्रमा व्यावहारिक शिक्षा विस्तार गर्नुपर्छ । विशेषगरी फेसन उद्योग र परम्परागत सीपलाई प्राविधिक शिक्षासँग जोड्नुपर्ने आवश्यकता छ । नेपालमा उत्पादन हुने कपडा, नेपाली डिजाइन, हस्तकला र स्थानीय सीपलाई अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउन सकिने ठूलो सम्भावना छ ।

### युवालाई उद्यमी बनाउने वातावरण

युवा व्यवसायी बन्न चाहन्छ, तर व्यवसाय सुरु गर्दा अनेकौं समस्या आउँछन् । व्यवसाय दर्ता, कर प्रणाली, बैंक ऋण, धितो, बजार, प्रविधि, कर्मचारी व्यवस्थापन र सरकारी प्रक्रियाले धेरै युवालाई निरुत्साहित गर्छ । त्यसैले युवा उद्यमीका लागि एकद्वार सेवा, सरल दर्ता प्रक्रिया, सहुलियतपूर्ण ऋण, व्यावसायिक परामर्श, डिजिटल सेवा र बजारसँग जोड्ने कार्यक्रम आवश्यक छ । युवालाई ऋणमात्र दिएर पुग्दैन । ऋणसँगै व्यवसाय सञ्चालन गर्ने ज्ञान पनि दिनुपर्छ । सरकार, बैंक, निजी क्षेत्र, शैक्षिक संस्था र युवा उद्यमीबीच सहकार्यको बलियो प्रणाली विकास गर्नुपर्छ ।

युवालाई केवल रोजगारी खोज्ने जनशक्तिका रूपमा हेर्नु गलत हो । युवा स्वयं रोजगारी सिर्जना गर्न सक्ने शक्ति हो । एउटा सफल युवा उद्यमीले आफूसँगै अरू धेरै युवालाई रोजगारी दिनसक्छ । एउटा सानो सिलाइ व्यवसाय ठूलो उत्पादन केन्द्र बन्नसक्छ । एउटा सानो कृषि व्यवसाय प्रशोधन उद्योग बन्नसक्छ । एउटा स्थानीय हस्तकला व्यवसाय अन्तर्राष्ट्रिय ब्राण्ड बन्नसक्छ । त्यसैले युवा नीति रोजगारी खोज्ने युवाबाट रोजगारी सिर्जना गर्ने युवातर्फ केन्द्रित हुनुपर्छ । यसका लागि सफल युवा उद्यमीको अनुभवलाई पनि नीति निर्माणमा समेट्नुपर्छ । नीति कागजमामात्र होइन, व्यवसाय सञ्चालन गरिरहेका युवाको वास्तविक अनुभवमा आधारित हुनुपर्छ ।

सम्मान पनि रोजगारी जत्तिकै महत्त्वपूर्ण छ । युवालाई आर्थिक अवसरसँगै सामाजिक सम्मान पनि चाहिन्छ । हामीले श्रमको सम्मान गर्न सिक्नुपर्छ । किसान, टेलर, कालिगढ, डिजाइनर, प्राविधिक, उद्यमी, कलाकार वा डिजिटल क्षेत्रमा काम गर्ने युवा- सबै राष्ट्र निर्माणका साझेदार हुन् । काम सानो वा ठूलो हुँदैन; कामप्रतिको इमानदारी, सीप र सोच ठूलो हुन्छ । जब समाजले युवाको सीपलाई सम्मान गर्न थाल्छ, युवाले पनि आफ्नो श्रमप्रति गर्व गर्न थाल्छ ।

### परिणाममुखी युवा नीतिको खाँचो

अब हामीले युवा नीति कागजमा कति राम्रो छ भनेर मात्र बहस गर्ने होइन, त्यसको परिणाम के आयो भनेर हेर्नुपर्छ । कति युवाले सीप पाए ?, कति युवाले व्यवसाय सुरु गरे ? कति रोजगारी सिर्जना भयो ?, कति युवा विदेश जानुपर्ने बाध्यताबाट रोकिए ? कति परम्परागत सीप आधुनिक उद्योगमा रूपान्तरण भए ?, कति युवा उद्यमी बजारसँग जोडिए ? यस्ता प्रश्नको उत्तर दिनेगरी परिणाममा आधारित युवा नीति आवश्यक छ । युवालाई लाभग्राहीको सूचीमा राखेर मात्र देशको भविष्य बदलिँदैन । युवालाई नीति निर्माण, कार्यान्वयन र मूल्यांकनको प्रक्रियामै सहभागी गराउनुपर्छ ।

अन्त्यमा, नेपालका युवामा क्षमता छैन भन्ने होइन । अवसरको कमी छ । युवा मिहेनत गर्न चाहन्छ, सिक्न चाहन्छ, व्यवसाय गर्न चाहन्छ, नयाँ सिर्जना गर्न चाहन्छ । उसलाई आवश्यक छ- सही नीति, सहज वातावरण, पुँजीमा पहुँच, बजार, प्रविधि र सम्मान । सरकारले युवालाई केही समयका लागि आर्थिक सुविधा दिएर सहयोग गर्न सक्छ तर सीप, रोजगारी र उद्यमको वातावरण निर्माण गरेरमात्र दीर्घकालीन आत्मनिर्भरता सुनिश्चित गर्न सक्छ ।

हामीले युवालाई हात फैलाउने होइन, हातले अवसर सृजना गर्ने बनाउनुपर्छ । युवालाई रोजगारी खोज्नेमात्र होइन, रोजगारी सृजना गर्ने बनाउनुपर्छ । युवालाई विदेश जाने बाध्यतामा होइन, नेपालमै सम्भावना देख्ने आत्मविश्वासमा उभ्याउनुपर्छ । परम्परागत सीपलाई आधुनिक प्रविधिसँग जोडौं । स्थानीय उत्पादनलाई ब्राण्ड बनाऔं । युवाको श्रमलाई सम्मान गरौं । उद्यमलाई प्रोत्साहन गरौं । सीपलाई शिक्षासँग जोडौं । सरकारी नीतिलाई बजार र उत्पादनसँग जोडौं । किनकि नेपालको युवा केवल देशको भविष्य होइन- आजकै नेपालको आर्थिक र सामाजिक परिवर्तनको शक्ति हो । त्यसैले स्पष्टका साथ भन्न सकिन्छ- 'सहज सुविधा होइन- सीप, रोजगारी, उद्यम र सम्मान चाहन्छ युवा ।' यही सोचलाई व्यवहारमा उतार्न सकेमा युवा नेपालको समस्या होइन, नेपालको सबैभन्दा ठूलो सम्भावना र शक्ति बन्ने छ । *रासस*

## पाठक मञ्च

# ६० दिने प्रतिबद्धताः नीतिगत सुधार कि श्रमिकमाथिको सम्झौता ?

सोमबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र नेपाल वैदेशिक रोजगार व्यवसायी संघ (म्यानपावर व्यवसायी) बीच भएको छलफल र त्यसपश्चात् आन्दोलन स्थगन गर्ने सहमति भएको सञ्चारमाध्यममार्फत थाहा पाइयो । ६० दिनभित्र व्यवसायीका १५ बुँदे माग सम्बोधन गर्ने सरकारी प्रतिबद्धतापछि रोकिएको म्यानपावर व्यवसायीको आन्दोलनले मन्त्रालय र व्यवसायीबीचको सम्बन्धलाई त सहज बनाएको होला, तर यस सम्पूर्ण प्रक्रियामा जसको रगत र पसिनामाथि सिंगो वैदेशिक रोजगार क्षेत्र उभिएको छ- ती असहाय नेपाली श्रमिकहरूको हित र सरोकार भने पूर्णरूपमा ओझेलमा परेको अनुभूति भएको छ ।

हाम्रो देशको अर्थतन्त्रलाई चलायमान बनाउने र विप्रेषण (रेमिटचान्स) मार्फत मुलुकको अर्थतन्त्र धान्ने वैदेशिक रोजगारमा जाने श्रमिकहरू नै सधैं सबैभन्दा बढी शोषण र मर्कामा पर्दै आएका छन् । म्यानपावर व्यवसायीहरूले नीतिगत सुधार र प्रशासनिक सरलीकरणका नाममा आफ्ना माग पूरा गराउन म्यानपावर नै बन्द गरेर सरकारलाई दबाब दिए र मन्त्रालयले पनि उनीहरूका माग ६० दिनभित्र पूरा गर्ने आश्वासन दियो । तर, यस्ता नीतिगत सुधार र ऐन-नियमावली संशोधनका वार्ताहरूमा वास्तविक सरोकारवाला अर्थात् श्रमिकहरूको हक, अधिकार र सुरक्षाबारे कत्तिको गम्भीरतापूर्वक छलफल भयो ? यो आजको अहम् प्रश्न हो ।

वैदेशिक रोजगारीको धरातललाई हेर्ने हो भने नेपाली श्रमिकहरूले पाइलैपिच्छे सास्ती भोग्नुपरेको छ । 'फ्रि भिसा, फ्रि टिकट'को नीति कागजमै सीमित छ । व्यवसायीहरूले कानुनले तोकेभन्दा कयौं गुणा बढी रकम गैरकानुनीरूपमा असुल गरिरहेका छन् भने त्यसको न त भरपाई दिइन्छ, न त सरकारले प्रभावकारी अनुगमन नै गर्न सकेको छ । विदेश पुगेपछि सम्झौताअनुसारको काम र तलब नपाउने, नारकीय स्थितिमा बस्नुपर्ने, स्वास्थ्य उपचार नपाउने र ज्यान गुमाउनुपर्नेसम्मका समस्याहरू दैनिकजसो दोहोरिइरहेका छन् । यस्तो अवस्थामा व्यवसायीहरूले विभागको कारबाही फिर्ता हुनुपर्ने र प्रशासनिक सहजता खोज्ने माग राखिरहँदा, सरकारले उनीहरूका मागमात्र सुन्ने कि अनुगमन र कारबाहीको संयन्त्रलाई थप सशक्त बनाउने ?

यदि सरकारले वैदेशिक रोजगार ऐन र नियमावली संशोधन गर्दै छ भने त्यो संशोधन व्यवसायीको व्यापार सुगम बनाउनमात्र सीमित हुनु हुँदैन । उक्त संशोधन श्रमिकमैत्री र श्रमिकको अधिकार संरक्षण गर्नेतर्फ लक्षित हुनुपर्छ । सुधारका नाममा श्रमिकमाथि हुने ठगी र शोषणलाई प्रश्रय दिनेगरी कुनै पनि सम्झौता वा नीतिगत लचकता अपनाइनु हुँदैन ।

तसर्थ, ६० दिनभित्र गरिने भनिएको नीतिगत र प्रशासनिक सुधारका क्रममा सरकार र श्रम मन्त्रालयले श्रमिकको पक्षमा स्पष्टरूपमा देहायका बुँदाहरूलाई प्राथमिकतामा राखेर निर्णय लिनु आवश्यक देखिन्छः

### १) निःशुल्क भिसा र टिकटको व्यावहारिक कार्यान्वयनः

फ्रि भिसा र फ्रि टिकटको सिद्धान्तलाई कडाइका साथ लागू गरियोस् । म्यानपावर कम्पनीहरूले श्रमिकबाट लिने रकमको पूर्ण पारदर्शिता र डिजिटल बैंकिङमार्फत मात्र कारोबार हुने व्यवस्था गरियोस् ।

### २) कडा अनुगमन र कारबाहीः

नियमविपरीत बढी रकम असुल्ने, गलत विवरण दिएर विदेश पठाउने वा ठगी गर्ने म्यानपावर कम्पनीहरूमाथि वैदेशिक रोजगार विभागले गर्ने कारबाहीलाई खुकुलो होइन, अझ बढी पारदर्शी, द्रुत र कडा बनाइयोस् ।

### ३) पुनरावलोकन र क्षतिपूर्ति संयन्त्रः

विदेशमा अलपत्र परेका वा सम्झौताबमोजिम सेवा-सुविधा नपाएका श्रमिकहरूको तत्काल उद्धार र पीडक म्यानपावरबाट क्षतिपूर्ति दिलाउने एकीकृत र छरितो संयन्त्र निर्माण गरियोस् ।

### ४) श्रम सम्झौता र न्यूनतम पारिश्रमिकको ग्यारेण्टीः

गन्तव्य मुलुकहरूसँग गरिने श्रम सम्झौताहरूलाई श्रमिकको सेवा, सुविधा, स्वास्थ्य र सुरक्षा अनुकूल हुनेगरी पुनरावलोकन गरियोस् । वैदेशिक रोजगारीलाई साँच्चै सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने हो भने सरकारले व्यवसायीहरूको हितमात्र होइन, श्रमिकहरूको जीवन र अधिकारको ग्यारेण्टी गर्नुपर्छ । व्यवसायीको दबाबमा श्रमिकका अधिकार कटौती हुने वा अनुगमन खुकुलो हुनेगरी कुनै पनि ऐन-नियमावली संशोधन गरियो भने त्यसले देशलाई थप संकटतर्फ धकेल्नेछ । सरकारले व्यवसायी र श्रमिक दुवैको अभिभावकको भूमिका निर्वाह गरोस्, तर प्राथमिकता सधैं कमजोर र श्रम बेच्न बाध्य श्रमिककै पक्षमा हुनुपर्छ ।

**- अमृत पाठक**
हेटौंडा, मकवानपुर



**सडक पुनर्निर्माण** | मेची राजमार्गअन्तर्गत इलाम नगरपालिका–९ स्थित इलाम–राजदुवाली सडक मर्मत गरिँदै । गत असार २३ गतेको वर्षाका कारण खसेको पहिरोले अवरुद्ध भएको सडक खुलाउन सडक डिभिजन कार्यालय इलामले धमाधम काम गरिरहेको छ । *तस्बिरः रासस*

# सुरक्षित मातृत्वमा फड्को मार्दै नरैनापुर

**राँझा (बाँके)–** बाँकेको दुर्गम क्षेत्रका रूपमा रहेको नरैनापुर गाउँपालिकाले सुरक्षित मातृत्वको क्षेत्रमा सकारात्मक परिवर्तन गरेको छ ।

नरैनापुरमा अहिले घरमै सुत्केरी गराउने प्रवृत्ति घट्दै गएको छ । वडास्तरमा गाउँमै प्रसूति सेवा केन्द्र सञ्चालनमा आएपछि घरमै सुत्केरी गराउने पुरानो परम्परामा परिवर्तन आएको नरैनापुर गाउँपालिका स्वास्थ्य शाखा प्रमुख नगेन्द्रकुमार शाहले बताए ।

‘विगतमा घरमै सुत्केरी गराउँदा धेरै आमा र नवजात शिशुको स्वास्थ्य जोखिममा पर्ने गरेको थियो, तर अहिले बाँकेको दुर्गम नरैनापुर गाउँपालिकामा त्यो तस्बिर बदलिएको छ,’ शाहले भने, ‘घरमै सुत्केरी गराउने प्रवृत्ति घट्दै गएको छ, वडा-वडामा सञ्चालनमा रहेका वर्थिङ सेन्टर सुरक्षित मातृत्वका भरपर्दा केन्द्रका रूपमा स्थापित हुँदै गएका छन् ।’

उनका अनुसार आर्थिक वर्ष २०८२/८३ मा नरैनापुर गाउँपालिकाका विभिन्न प्रसूति सेवा केन्द्रबाट एक हजार १५१ जना महिलाले सुरक्षित प्रसूति सेवा लिएका छन् । संस्थागत सुत्केरीको संख्या निरन्तर बढ्दै जानु सुरक्षित मातृत्वप्रतिको चेतना र स्थानीय सरकारले गरेको लगानीको प्रतिफल हो ।

पहिले घरमै सुत्केरी गराउने वा अन्तिम अवस्थासम्म स्वास्थ्य संस्थामा नआउने महिलासमेत अहिले नियमित गर्भ परीक्षणदेखि सुत्केरीसम्म वर्थिङ सेन्टरमै आउने गरेका छन् । वडा नम्बर १ देखि ६ सम्म चौबीसै घण्टा तालिमप्राप्त स्वास्थ्यकर्मीबाट प्रसूति सेवा सञ्चालन भइरहेको उनले जानकारी दिए । गर्भवतीलाई स्वास्थ्य संस्थासम्म ल्याउन निःशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरिएकाले दुर्गम बस्तीका महिलाले पनि सहजरूपमा सेवा लिन थालेका छन् ।





गत आर्थिक वर्षमा वडा नम्बर १ कटकुइँयामा १८६, वडा नम्बर २ कालाफाँटामा १७४, वडा नम्बर ३ नरैनापुरमा १०१, वडा नम्बर ४ लक्ष्मणपुरमा २५४, वडा नम्बर ५ मटेहियामा २८६ र वडा नम्बर ६ गंगापुरमा १५३ जना महिलाले सुरक्षित प्रसूति सेवा लिएका छन् । जटिल अवस्था देखिएमा तत्काल भेरी अस्पतालमा निःशुल्क रेफर गर्ने तथा ल्याउने-लैजाने व्यवस्था गाउँपालिकाले मिलाएको स्वास्थ्य शाखा प्रमुख शाहले बताए ।

वडा नम्बर १ कटकुइँया स्वास्थ्यचौकीमा कार्यरत अनमी सामना गुरुङले नरैनापुरमा पछिल्ला वर्षहरूमा सबैभन्दा ठूलो परिवर्तन महिलाको सोचमा आएको बताइन् । उनले भनिन्, ‘पहिले धेरैजसो गर्भवतीले घरमै सुत्केरी गराउने योजना बनाउनुहुन्थ्यो । अस्पताल आउन डराउने, खर्च धेरै लाग्छ भन्ने सोच्ने र अन्तिम समयमामात्रै ल्याइने अवस्था थियो । अहिले भने गर्भ रहेदेखि नै नियमित जाँचका लागि स्वास्थ्य संस्थामा आउने, सुत्केरी हुने मिति नजिकिँदै जाँदा आफैं वर्थिङ सेन्टरमा सम्पर्क गर्ने र सुरक्षितरूपमा स्वास्थ्य संस्थामै सुत्केरी गराउने चलन बढेको छ ।’

उनका अनुसार स्वास्थ्यकर्मीले गाउँगाउँमा पुगेर गरेको परामर्श, महिला स्वास्थ्य स्वयंसेविकाको सक्रियता, परिवारको बढ्दो साथ र गाउँपालिकाले उपलब्ध गराएको निःशुल्क एम्बुलेन्स सेवाले समुदायको सोच परिवर्तन गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ ।

‘सुत्केरी भनेको सामान्य घटनाजस्तो देखिए पनि कुनै पनि बेला जटिल अवस्था आउन सक्छ । त्यसैले प्रशिक्षित स्वास्थ्यकर्मीको निगरानीमा हुने प्रसूति नै आमा र शिशु दुवैका लागि सुरक्षित हुन्छ । अहिले हामीले आमाहरूको आत्मविश्वास बढेको देखेका छौं । कतिपय महिलाले छिमेकी र आफन्तलाई पनि घरमा होइन, वर्थिङ सेन्टरमै सुत्केरी गराउन प्रेरित गरिरहनुभएको छ । यो परिवर्तन हाम्रो लागि सबैभन्दा ठूलो उपलब्धि हो,’ अनमी गुरुङले भनिन् ।

उनले अझै पनि दुर्गम बस्तीका केही परिवारमा पुराना मान्यता बाँकी रहेपनि स्वास्थ्य संस्थाबाट सुरक्षित प्रसूति गराउँदा आमा र नवजात शिशुको ज्यान जोगिनुका साथै आकस्मिक जटिलताको तत्काल उपचार सम्भव हुने भएकाले सबै गर्भवती महिलालाई संस्थागत सुत्केरी रोज्न आग्रह गरिन् । कुनै समय स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेको नरैनापुर अहिले सुरक्षित मातृत्वको क्षेत्रमा उदाहरणीय परिवर्तनतर्फ अघि बढिरहेको नरैनापुर गाउँपालिकाका अध्यक्ष इश्तियाक अहमद शाहले बताए । स्थानीय सरकारको प्रतिबद्धता, स्वास्थ्यकर्मीको समर्पण र समुदायमा बढ्दो जनचेतनाले जोखिमपूर्ण घरायसी सुत्केरीलाई क्रमशः सुरक्षित संस्थागत सुत्केरीमा रूपान्तरण गरिरहेको उनको भनाइ छ ।

अध्यक्ष शाहले केही वर्षअघिसम्म प्रसूति सेवा लिन नेपालगञ्ज वा भारतका सीमावर्ती अस्पतालसम्म पुग्नुपर्ने बाध्यता रहेको स्मरण गर्दै अहिले गाउँमै गुणस्तरीय सेवा उपलब्ध हुनु ठूलो उपलब्धि भएको बताए । ‘सडक, विद्युत्, स्वास्थ्य संस्था र जनशक्तिमा भएको विस्तारले नरैनापुरको स्वास्थ्य सेवामा आमूल परिवर्तन आएको छ,’ अध्यक्ष शाहले भने, ‘वडा-वडामा सञ्चालन भएका वर्थिङ सेन्टरले दुर्गम बस्तीका महिलालाई सुरक्षित सुत्केरी सेवा घर नजिकै उपलब्ध गराएका छन् ।’ *रासस*

# मार्तडी–कोल्टी र खप्तड–डोगडी–मार्तडी सडक अलपत्र

■ टेकबहादुर बुढा

**बाजुरा–** मार्तडी-कोल्टी र खप्तड-डोगडी-मार्तडी सडक निर्माण सुरु भएको २७ वर्ष बितिसक्दासम्म निर्माण पूरा भएको छैन । उक्त सडक वि.सं. २०५६ देखि सुरु भएको हो ।

प्रदेश गौरवका रूपमा रहेको उक्त सडक निर्माण कम्पनीले समयमै काम नगर्दा आयोजना अलपत्र परेको हो । सडक निर्माण एवं स्तरोन्नतिका लागि हरेक वर्ष बजेट विनियोजन हुँदै आएको छ । काममा ढिलाइ हुँदा विनियोजित बजेट पूर्णरूपमा खर्च हुन नसकी हरेक वर्ष फिर्ता गएको हो । विनियोजन भएको बजेटमध्ये ३३ करोड रूपैयाँ फिर्ता गएको पूर्वाधार विकास कार्यालयले जनाएको छ ।

पूर्वाधार विकास कार्यालय अछामका प्रमुख जंगबहादुर थापाले आर्थिक वर्ष २०८२/८३ मा मार्तडी-कोल्टी सडकमा २० करोड रूपैयाँ र खप्तड-जयबागेश्वरी-गैरीखाद-डोगडी-आटीचौर हुँदै मार्तडी जोड्ने सडकमा १३ करोड ५० लाख रूपैयाँ रकम काम नभई फिर्ता गएको जानकारी दिए ।

मार्तडी-कोल्टी सडक निर्माणको जिम्मा बानियाँ निर्माण सेवाले पाएको थियो । ‘गत वर्षमात्र होइन, अघिल्ला वर्षमा समेत ठेकेदारको ढिलासुस्तीका कारण बजेट फिर्ता हुन्थ्यो,’ उनले भने, ‘आर्थिक वर्ष २०८१/८२ मा उक्त सडकका लागि १५ करोड रूपैयाँ बजेट विनियोजन भएको थियो ।’



जिल्लाको अर्को प्रदेश गौरवको सडक खप्तड-जयबागेश्वरी-गैरीखाद-डोगडी-आटीचौर हुँदै मार्तडी जोड्ने सडकका लागि १६ करोड ५० लाख रूपैयाँ बजेट विनियोजन गरिएको थियो । तर, २०७८ चैत १६ गते ठेक्का सम्झौता गरेको केएसएम केबिसी/तेज जेभी, धनगढी कैलालीले आर्थिक वर्षभरिमा करिब दुई करोड ५० लाख रूपैयाँबराबरको काम गरेकाले बाँकी बजेट फिर्ता गएको छ ।

मार्तडी-कोल्टी सडकअन्तर्गत चुथीदेखि कोल्टीसम्मको २६ किलोमिटर सडक कालोपत्रे गर्न २०७७ असारमा ठेक्का सम्झौता गरिएको थियो । पिएस बानियाँ निर्माण सेवाले ५० करोड १७ लाख रूपैयाँमा ठेक्का प्राप्त गरी तीन वर्षभित्र काम सम्पन्न गर्ने सम्झौता गरेको थियो ।

मार्तडी-कोल्टी र खप्तड-डोगडी-मार्तडी सडकको कूल लम्बाइ ४१ किलोमिटर छ । ४१ किलोमिटर सडकको निर्माण पूरा गर्न ९८ करोड रूपैयाँमा टेण्डर आह्वान गरिएको थियो । हालसम्म ५० प्रतिशत काम भएको छ ।

यो सडकको २६ किलोमिटरबाहेक मार्तडीदेखि ढम्कनेसम्म १५ किलोमिटर रहेको छ । १५ किलोमिटर कालोपत्रेका लागि ५८ करोड रूपैयाँ बजेट विनियोजन भएको थियो । पहिलो खण्डअन्तर्गत मार्तडीदेखि चुथीसम्मको नौ किलोमिटर सडकमा धेरै काम सम्पन्न भए पनि चुथीदेखि ढम्कनेसम्मको छ किलोमिटर कालोपत्र गर्ने काम अधुरो छ । *रासस*

# काभ्रेको रोशीमा पानीको स्रोत जोगाउन ‘पानी–पुनजीर्वित कार्यक्रम’ सञ्चालन

**काभ्रेपलाञ्चोक–** रोशी गाउँपालिकामा मुहान/जलाधार संरक्षण तथा व्यवस्थापनमा खानेपानी तथा सिँचाइका स्रोत संरक्षणका लागि मुहान र जलाधार क्षेत्रको वैज्ञानिक व्यवस्थापन गरिने भएको छ ।

जलवायु परिवर्तनका कारण पानीका स्रोत सुक्दै जानाले मानव जीवनमा पर्न थालेको असरलाई न्यूनीकरण गर्न हिन्दू कुश हिमाली क्षेत्रमा जलवायु परिवर्तनका असर न्यूनीकरण तथा स्थानीय समुदायको उत्थानशीलता अभिवृद्धिको उद्देश्यले एकीकृत जलवायु अंगीकरण समाधान कार्यक्रम ‘इन्टिग्रेटेड क्लाइमेट एडप्टेसन सोलुसन्स फर द हिन्दू कुश हिमालय’ (हाइ-क्यास) परियोजना सञ्चालन गर्न लागिएको हो । कार्यक्रम सञ्चालनार्थ रोशी गाउँपालिका, अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) र वातावरणीय तथा कृषि नीति अनुसन्धान, विस्तार तथा विकास केन्द्र (सिप्रेड) बीच आशयपत्रमा हस्ताक्षर भइसकेको गाउँपालिकाका अध्यक्ष दिनेश लामाले बताए ।

उनका अनुसार मुहान/जलाधार संरक्षण तथा व्यवस्थापनमा खानेपानी तथा सिँचाइका स्रोत संरक्षणका लागि मुहान र जलाधार क्षेत्रको वैज्ञानिक व्यवस्थापनसँगै परियोजनाले लैंगिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन गर्ने लैंगिक उत्तरदायी, समावेशी र प्रकृतिमैत्री अनुकूलनका उपायमार्फत जोखिममा रहेका समुदाय र महिलाहरूको उत्थानको लागिसमेत काम गर्ने छ । यस्तै स्वच्छ र नवीकरणीय ऊर्जाका प्रविधि प्रयोगलाई प्रवर्द्धन गर्दै रैथाने बाली तथा कृषि जैविक विविधताको संरक्षण र प्रवर्द्धनका काम हुने छन् । आदिवासी तथा स्थानीय समुदायको सहभागिता, स्थानीय क्षमता अभिवृद्धि र दिगो जीविकोपार्जनमा परियोजनाको योजना छ । रोशीमा २२ प्रतिशत पानीको मुहान तथा जलाधार क्षेत्र सुक्खा रहेको पाइएको सर्वेक्षणको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

> “ मुहान र जलाधार क्षेत्रको वैज्ञानिक व्यवस्थापनसँगै परियोजनाले लैंगिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन गर्न लैंगिक उत्तरदायी, समावेशी र प्रकृतिमैत्री अनुकूलनका उपायमार्फत जोखिममा रहेका समुदाय र महिलाहरूको उत्थानको लागिसमेत काम गर्ने छ ।

ग्लोवल अफेयर्स क्यानडाको सहयोगमा सञ्चालित यस बहुदेशीय परियोजना मार्च २०२६ देखि नेपालमा सुरु भएको जनाइएको छ। नेपालमा भने सिप्रेडमार्फत काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका र धनकुटाको धनकुटा नगरपालिकामा यस परियोजना थालिएको हो । इसिमोडका महानिर्देशक पेमा ग्याम्चोका अनुसार त्रिपक्षीय समझदारीले परियोजना कार्यान्वयनमा संलग्न निकायबीच सहकार्य र समन्वयलाई संस्थागत एवं औपचारिक बनाउने छ । ‘नेपालमा जलवायु परिवर्तनको जोखिममा रहेका हिमाली तथा पहाडी क्षेत्रका समुदायलाई उत्थानशील बनाउन स्थानीय सरकारसँगको सहकार्य पनि अपरिहार्य छ,’ उनले भने ।

जिल्लाको १३ स्थानीय तहमध्ये सात स्थानीय तहमा गरिएको सर्वेक्षणले पानीको मूल र मुहान सुक्दै गएको देखिएको छ । बाढीपहिरो, वन फँडानी, जथाभावी पूर्वाधार विकास, भूकम्प, जलवायु परिवर्तनलगायतका कारण पानीका मुहान सुक्दै गएको सरोकारवाला निकायले जनाएका हुन् । *रासस*


**कुमारी बैंक लिमिटेड शाखा कार्यालय जोशीपुर कैलालीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना**

(प्रकाशित मिति २०८३/०५/०३ गते प्रभाव दैनिक)

यस कूमारी बैंक लिमिटेड शाखा कार्यालय जोशीपुर कैलालीबाट तपसिलमा उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, व्याज, पेनाल ब्याज आदि चूक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर ताकेता गर्दा समेत नतिरी नबूझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेको हूनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने सांवा, व्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुंदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपशिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा लिलाम बिक्रि गर्न यो १५ दिने धितो लिलाम सुचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ (सोहौं) औ दिन अर्थात मिति २०८३ भदौ १८ गते बिहीबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय जोशीपुर कैलालीबाट लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गरिने भएको हुँदा सर्व साधारणको जानकारीको लागि यो गोप्य शिलबन्दि बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिनईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुने छ ।

**तपसिल**

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण |
|---|---|
| १. **शोभा देवी डगौरा**<br>ना.प्र.नं.- ६७३०३४/१०१५<br>जारी मिति - २०६३/१०/१२, जि.प्र.का. कैलाली<br>बुबा - राधा कृष्ण डगौरा<br>बाजे - बजारी लाल डगौरा<br>पति - दिल बहादुर डगौरा<br>स्थायी ठेगाना- कैलाली जिल्ला, जोशीपुर गा.पा., वडा नं. ०५<br>हालको ठेगाना- ऐ.ऐ. | १. **दिल वहादुर डगौरा**<br>ना.प्र.नं.- ५०<br>जारी मिति २०६३/१०/०५, जि.प्र.का. कैलाली<br>बाबु - मसुरा डगौरा<br>बाजे - राम कल थारु<br>स्थायी ठेगाना- कैलाली जिल्ला, जोशीपुर गा.पा., वडा नं. ०५, (साविक वौनिया गा.वि.स., वडा न. ०४)<br>हालको ठेगाना- ऐ.ऐ. |

**लिलाम हुने सम्पतिको विवरण**

**शोभा देवी डगौरा**को नाममा मालपोत कार्यालय, धनगढी, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, भजनी गा.वि.स./न.पा वडा नं. ३ स्थित कित्ता नं. १६०२ को क्षे.फ. ०-२-६-३ (वि.क.धु.क) जग्गा तथा तथा सोको सम्पुर्ण लिगलगापात ।

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सुचना प्रकाशित भएको **मितीले १५ (पन्ध्र) दिन अर्थात २०८३ भदौ १७ गते** भित्र बैंकको शाखा कार्यालय जोशीपुर कैलालीमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय जोशीपुर कैलालीबाट रु ५००/ तिरी प्राप्त गर्न सकिने छ उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा को बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्ने छ ।
३. बोलपत्रमा आफूले लिनचाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनु पर्नेछ र आफूले कवोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्ने छ, सो वाहेक अन्यकुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै व्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोहौं) दिन अर्थात २०८३ भदौ १८ अपरान्ह ३ :०० बजे** देखि बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय जोशीपुर कैलालीमा बोलपत्र खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितीमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत विदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगीआएको तथा शर्त राखी दिएको बोलपत्र उपर कूनै कारवाही गरिने छैन।
७. बोलपत्र स्विकृत भएमा सम्वन्धित बोलपत्र दाताले सोको सूचनापाएको मितिले १५ (पन्ध्र) दिनभित्र बोल कवोल गरेको धरौटी वाहेकको बांकी रकम बैंकमा जम्मा गर्नू पर्नेछ । अन्यथा धरौटी वापत जम्माभएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्वन्धित अड्डामा लाग्ने दै दस्तूर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हूने सम्पत्ति सम्वन्धि अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय जोशीपुर कैलालीमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०.धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा बित्तीय संस्था सम्वन्धि ऐन तथा प्रचलित कानून बमोजिम बैंङ्कले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११.गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२.प्राप्त भएको गोप्य शिलबन्दि बोलपत्र अन्तर्गत सवै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार बैंकमै सूरक्षित राखीएको छ ।
१३.धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पुर्ण लेना असुलउपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरीनेछ ।

**बोलपत्र खोलिने मिति २०८३ भदौ १८ गते बिहीबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय जोशीपुर कैलाली फोन नं. ०९१-४०१०७२/७३**

प्रभाव दैनिक




### शिव र समीक्षा अमेरिकामा गुञ्जिने

चर्चित गायक शिव परियार र गायिका समीक्षा अधिकारीले अमेरिकाका विभिन्न सहरमा सांगीतिक टुर गर्ने भएका छन् । उनीहरूसँगै नेपाली ब्लुज ब्यान्ड मुक्ति एन्ड रिभाइभलले पनि अमेरिकामा सांगीतिक यात्रा गर्ने भएको छ । थ्रीई इन्टरटेनमेन्ट, युएसएको आयोजनामा हुन लागेको टुर अमेरिकामा रहेका नेपाली समुदायलाई मनोरञ्जन र सांस्कृतिक माहोल प्रदान गर्ने उद्देश्यले आयोजना गर्न लागिएको हो । 'दसैँ-तिहार धमाका यूएसए टुर २०२६' नाम दिइएको कार्यक्रममा गायिका समीक्षा अधिकारी र शिव परियारले करिब २० शो गर्नेछन् । उनीहरूको सांगीतिक यात्रा आगामी सेप्टेम्बर २५ मा अस्टिन र सेप्टेम्बर २६ मा डलासबाट सुरू हुनेछ ।




बुधबार, ०३ भदौ २०८३ (Wednesday, 19 August 2026)

# ९९औं ओस्कार अवार्ड: 'इन्टरनेसनल फिचर फिल्म' का लागि आवेदन खुला

■ प्रभाव संवाददाता




**काठमाडौं** – 'नेपाल इन्टरनेसनल फिचर फिल्म छनोट समिति-२०२६' ले ९९औं एकेडेमी अवार्ड्स (ओस्कार) को 'इन्टर नेसनल फिचर फिल्म' विधामा नेपालको तर्फबाट प्रतिस्पर्धा गर्ने चलचित्रको छनोट प्रक्रिया सुरु गरेको छ । समितिका अध्यक्ष लक्ष्मीनाथ शर्माद्वारा जारी सूचनाअनुसार मापदण्ड पुगेका नेपाली चलचित्रले यही भदौ २२ गते (सेप्टेम्बर ७, २०२६) भित्र आवेदन दिनुपर्नेछ । ओस्कारमा सहभागिता जनाउन इच्छुक चलचित्र निर्माताले काठमाडौँस्थित समितिको सचिवालयमा तोकिएको समयसीमाभित्र आफ्ना चलचित्र दर्ता गराउन आह्वान गरिएको छ ।

ओस्कारको प्रतिस्पर्धामा सहभागी हुने चलचित्रले नेपाल सरकारको केन्द्रीय चलचित्र जाँच समितिबाट प्रमाणीकरण पाएको हुनुपर्नेछ भने विसं २०८२ असोज १५ देखि विसं २०८३ असोज १४ भित्रसिनेमा घरमा प्रदर्शन गरेको हुनुपर्नेछ । यसका साथै, चलचित्र व्यावसायिक सिनेमा घरमा टिकट काटेर लगातार कम्तीमा सात दिन प्रदर्शन भएको हुनुपर्ने प्रावधान राखिएको समितिका अध्यक्ष शर्माले बताए ।

अमेरिका र यसका भूभागबाहेक अन्य देशका व्यावसायिक सिनेमा घरमा सात दिन प्रदर्शन भएका चलचित्रलाई पनि मान्यता दिइनेछ । प्रदर्शनको सर्त पूरा नभएको खण्डमा भने चलचित्रले ओस्कारले तोकेका आधिकारिक अन्तरराष्ट्रिय चलचित्र महोत्सवमा 'क्वालिफाइङ अवार्ड' जितेको हुनुपर्नेछ । उनका अनुसार टेलिभिजन, 'भिओडी', 'डिभिडी', 'इन्टरनेट स्ट्रिमिङ' वा 'एयरलाइन इन्टरटेनमेन्ट' जस्ता माध्यमबाट पहिलो पटक प्रदर्शन भएका चलचित्र भने छनोटका लागि अयोग्य मानिनेछन् ।

सहभागिताका लागि चलचित्रको निर्देशक, लेखक वा निर्मातामध्ये कम्तीमा एक जना नेपाली नागरिक हुनुपर्ने र चलचित्रमा नेपाली परिवेश तथा तत्वहरू झल्किएको हुनुपर्ने सर्त राखिएका छन् । त्यसैगरी, चलचित्रको ५० प्रतिशतभन्दा बढी संवाद नेपाली भाषामा हुनुपर्नेछ भने स्पष्ट बुझिने अंग्रेजी 'सवटाइटल' अनिवार्य रूपमा राखिएको हुनुपर्ने सूचनामा जनाइएको छ ।

छनोटमा परेको खण्डमा चलचित्रले ओस्कारको प्राविधिक मापदण्डसमेत पूरा गर्नुपर्ने समितिले जनाएको छ । इच्छुक निर्माताले आवेदन दिई आवश्यक सामग्रीसहित काठमाडौँस्थित सचिवालयमा सम्पर्क गर्न सक्नेछन् । यससम्बन्धी थप नियम र प्राविधिक जानकारी ओस्कारको आधिकारिक वेवसाइटबाट हेर्न सकिनेछ । आवेदन तथा थप जानकारीका लागि समितिका अध्यक्ष शर्मालाई सम्पर्क गर्न वा समितिको आधिकारिक इमेलमा पत्राचार गर्न सकिने समितिले जनाएको छ ।

# र्‍याप रियालिटी शो 'हसल बाइ नेपहप' आउँदै

**काठमाडौं (प्रस)**– अण्डरग्राउण्ड साइफरबाट यात्रा सुरु गरेर हाउसफुल कन्सर्टहरूसम्मको यात्रा तय गरिसकेको नेपाली हिप-हप नयाँ युगमा प्रवेश गर्दैछ ।

यसै क्रममा मलिन मिडियाले भारतीय फ्रेन्चाइज 'एमटीभी हसल' लाई नेपालमा 'हसल बाइ नेपहप' को रूपमा भित्र्याउन लागेको छ ।

नेपाली टेलिभिजन च्यानलमार्फत प्रसारण हुने यो प्रिमियम र्‍याप रियालिटी शोले नेपाली हिप-हप सङ्गीत, कलाकार र समग्र संस्कृतिलाई राष्ट्रिय स्तरको समर्पित मञ्च प्रदान गर्ने अपेक्षा गरिएको छ ।

कुनै समय सीमित समूहमा मात्र सीमित रहेको हिप-हप सङ्गीत अहिले नेपालको सबैभन्दा लोकप्रिय सङ्गीत विधामध्ये एक बनेको छ । उदीयमान कलाकारहरूले विशाल श्रोता-दर्शकको माया पाइरहेका छन् भने नेपाली र्‍याप गीतहरूले अनलाइनमा लाखौँ भ्युज हासिल गरिरहेका छन् । यस्तो परिवेशमा आउन लागेको 'हसल बाइ नेपहप' ले नेपाली सङ्गीतको मूलधारमा हिप-हपले आफ्नो बलियो उपस्थिति जनाइसकेको सन्देश दिन्छ ।

अन्तर्राष्ट्रिय रियालिटी शोको अवधारणामा आधारित यो कार्यक्रममा प्रतिस्पर्धा र मेन्टरसिपसँगै प्रतिभा प्रस्फुटनको अवसर रहनेछ । कार्यक्रमको केन्द्रमा भने नेपालकै मौलिक आवाज, सन्दर्भ र कथाहरू समेटिनेछन् । यसलाई विश्व सङ्गीत मञ्चमा नेपालको बढ्दो उपस्थितिको अर्को महत्त्वपूर्ण सङ्केतका रूपमा हेरिएको छ, जहाँ नेपाली कलाकारहरूले अन्तर्राष्ट्रिय स्तरमै आफ्नो पहिचान विस्तार गरिरहेका छन् ।

'हसल बाइ नेपहप' ले स्थापित र्‍यापरदेखि नयाँ प्रतिभासम्मलाई राष्ट्रिय स्तरमा आफ्नो कला प्रस्तुत गर्ने उत्कृष्ट अवसर दिने लक्ष्य राखेको छ । दमदार प्रस्तुति, कथा र प्रतिस्पर्धालाई एकसाथ जोड्दै यस कार्यक्रमले नेपालको हिप-हप क्षेत्रमा रहेको विविधता र विलक्षण प्रतिभालाई उजागर गर्नेछ ।

## रंगशाला

# भारतको कर्नाटकविरुद्ध पहिलो खेलमा नेपालको सानदार जित

■ प्रभाव संवाददाता




**काठमाडौं** – तेस्रो संस्करणको एसिसी प्रिमियर कपको तयारीका लागि भारत भ्रमणमा रहेको नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीले पहिलो अभ्यास खेलमा फराकिलो जित दर्ता गरेको छ ।

विजयी सुरुआत गर्ने क्रममा नेपालले मंगलबार भएको पहिलो खेलमा कर्नाटक राज्यस्तरीय टोलीलाई ११६ रनले हरायो । यस खेलमा टस जितेर पहिला ब्याटिङ रोजेको नेपाल ४५ ओभरमा १८८ रनमा अलआउट भएको थियो । नेपालका लागि ओपनिङ ब्याटर आसिफ शेखले ७० बलमा दुई चौका र एक छक्कासहित सर्वाधिक ४९ रनको पारी खेले ।

इशान पाण्डेले ३४, देव खनाल र सन्दीप जोराले २७/२७, बसिर अहमदले अविजित १९ तथा गुलशनकुमार झाले ११ रन जोडे । कर्नाटकका लागि क्रिती एमले आठ ओभरमा एक मेडनसहित २० रन दिएर सर्वाधिक पाँच विकेट हात पारे ।

नेपालले दिएको १८९ रनको लक्ष्यका साथ जवाफी ब्याटिङमा उत्रिएको कर्नाटक २८ ओभरमा ७२ रनमै अलआउट भयो । उसका लागि शरथ श्रीवास्तावले ६५ बलमा तीन चौकासहित सर्वाधिक ३२ रन बनाए । उनी अविजित रहे पनि कर्नाटकका अरू ब्याटर सस्तैमा आउट भए ।

कर्नाटकलाई सस्तैमा समेट्ने क्रममा नेपालका लागि बलिङतर्फ करण केसी, ललितनारायण, शेर मल्ल र बसिर अहमदले दुई/दुई विकेट लिए । यस्तै, कप्तान सन्दीप लामिछाने र हेमन्त धामीको नाममा एक/एक विकेट रह्यो ।

नेपालले भारतमा थप अर्को अभ्यास खेल खेल्ने तालिका छ । १० दिनको प्रशिक्षण सकाएर नेपाली टोली प्रिमियर कप खेल्न भारतबाटै मलेसिया प्रस्थान गर्नेछ । मलेसियामा तीन दिन अभ्यास गरेर नेपाली टिम प्रतियोगिता खेल्ने तयारीमा छ । समूह 'ए' मा रहेको नेपालले पहिलो खेल भदौ १५ मा बहराइनको सामना गर्नेछ । त्यसपछि प्रतियोगितामा नेपालको भेट मलेसिया, साउदी अरेबिया र हङकङविरुद्ध हुनेछ ।

# रोयल एफसीको आयोजनामा सेभेन 'ए' साइड भेट्रान र खुला नकआउट प्रतियोगिता हुने

■ प्रभाव संवाददाता

**काठमाडौं** – रोयल एफसीको आयोजनामा यही भाद्र १२ र १३ गते सेभेन 'ए' साइड भेट्रान र खुला नकआउटगरि दुई छुट्टा छुट्टै फुटसल प्रतियोगिता हुने भएको छ ।

तारकेश्वर मनमैजुस्थित आफ्नै निजी फुटसल - 'जी फोर फुटसल'मा आयोजना हुने इभेन्टअन्तर्गत खुला नकआउट प्रतियोगिताको विजेताले एक लाख ११ हजार १११ रूपैयाँसहित ट्रफी र मेडल प्राप्त गर्नेछ । त्यस्तै, उपविजेताले ५५ अजार ५५५ रूपैयाँ हात पार्नेछ ।

यो विधाको दर्ता शूल्क ८ हजार रूपैयाँ तोकिएको छ । टोलीमा कूल १० जना खेलाडी राख्न पाउने नियम राखिएको छ । विधागततर्फ सर्वोत्कृष्ट खेलाडी, उत्कृष्ट (गोलकिपर र डिफेन्डरले ट्रफी, सर्टिफिकेट र निश्चित नगद पुरस्कार जित्नेछन् । यसैगरी, भेट्रानतर्फको विजेताले ट्रफी, मेडल र सर्टिफिकेटसँगै एक लाख १ हजार रूपैयाँ जित्नेछ । त्यस्तै, उपविजेताले ५१ हजार रूपैयाँ प्राप्त गर्नेछ ।

यो विधाको दर्ता शूल्क १० हजार रूपैयाँ तोकिएको छ । खुला नकआउट जस्तै यसमा पनि कूल १० खेलाडी राख्न पाउने नियम छ । विधागततर्फ सर्वोत्कृष्ट खेलाडी र उत्कृष्ट गोलकिपरलाई ट्रफी, मेडल र सिर्टफिकेट दिइनेछ ।

**साउदीमा रोजगार** कम्पनी : TITAN CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०५/०१ LT. No. 346528 चलानी नं. ६०२५९७८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Workers For Construction | 8 | 0 | 1200 | ४८,८९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ १० गते (26th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

International Govt. License No. 706/064/065
INTERNATIONAL TRADE LINKS NEPAL PVT.LTD.
KMC-4, Dhumbarahi, Kathmandu, Nepal, Tel: +977-1-4970669
E-mail : info@itlnepal.com, nir@itlnepal.com, Web: www.itlnepal.com

**युएइमा रोजगार** कम्पनी : GLAZE SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०९/१२ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/०२ LT. No. 316037 चलानी नं. ६०२३०३३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Female | 15 | 45 | 1000 | ४०,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | CLEANER (MALE) | | 0 | 900 | ३७,४९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ १० गते (26th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।
Permission No. 1676/080/081
INTERPID RECRUITMENT SERVICES PVT. LTD
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Contact Person : 9851405196, 9802368141, Mail: info@interpidhr.com, Web: www.interpidhr.com
INTREPID LEARN ADAPT EVOLVE

**साउदीमा रोजगार** कम्पनी : AL MAJDAL RESIDENCES CONTRACTING COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०८३/०५/०२ LT. No. 346616 चलानी नं. ६०२५९७३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Petrol Station Attendant | 16 | 0 | 1000 | ४०,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ १० गते (26th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।
LIC No. 842/066/067
K.P. INTERNATIONAL OVERSEAS PVT. LTD.
Sinamangal-9, kathmandu, Nepal, Tel: +977 1 5920922/ 9813333504 (Whatsapp)
E-mail : kpintloverseas@gmail.com, info@kpintloverseas.com.np, Web: www.kpintloverseas.com.np

**युएइमा रोजगार** कम्पनी : REFINE GENERAL CONTRACTING AND MAINTENANCE L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०२/११ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/०२ LT. No. 342419 चलानी नं. ६०२५५९५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason Assistant | 27 | 0 | 1200 | ४९,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician. | 27 | 0 | 1500 | ६२,४९५ | | | | | | | |
| 3. | Building Labour | 28 | 0 | 1000 | ४१,६६० | | | | | | | |
| 4. | Stone Mason/brick Mason/tyle Layer | 30 | 0 | 1500 | ६२,४९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ १० गते (26th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।
MBK OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. ५४२/०६१/०६२
Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Bishnu: 9851112074, Ganesh : 9841777604, Rajesh : 9801072971, Web: www.mbkoverseas.com.np, Email: mbkoverseas@gmail.com

**युएइमा रोजगार** कम्पनी : IRON STAR CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८३/०५/०२ LT. No. 346367 चलानी नं. ६०२५९८००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 12 | 0 | 1500 | ६२,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners | 10 | 0 | 1300 | ५४,१६० | | | | | | | |
| 3 | False Ceiling/partion Fixer | 14 | 0 | 1500 | ६२,४९५ | | | | | | | |
| 4 | Messengers | 5 | 0 | 1400 | ५८,३२५ | | | | | | | |
| 5 | Sales Officer | 4 | 0 | 1800 | ७४,९९५ | | | | | | | |
| 6 | Tile Layer Workers | 10 | 0 | 1500 | ६२,४९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ १० गते (26th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।
MOBHIRA OVERSEAS SERVICE PVT. LTD.
Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054

**मलेसियामा रोजगार** कम्पनी : SP LOGISTICS SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/०८/१५ पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०५/०२ LT. No. 334223 चलानी नं. ६०२५१९०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Warehouse worker | 3 | 0 | 1700 | ६३,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : V TASTE VEGETARIAN FOOD & BEVERAGE SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/१२/११ पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०५/०२ LT. No. 340192 चलानी नं. ६०२५३६२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Service Crew | 5 | 0 | 1700 | ६४,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : CHAMWIN PRECISION SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/०४ पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०५/०२ LT. No. 340628 चलानी नं. ६०२५४०५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 12 | 0 | 1700 | ६४,११८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ १० गते (26th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।
MINAWA
Govt.Lic. No- 1168/073/074
MINAWA RECRUITMENT H.R. PVT LTD
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

**साउदीमा रोजगार** कम्पनी : OASIS ART FOR INDUSTRY COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०४/२२ LT. No. 346246 चलानी नं. ६०२५९८३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Worker | 6 | 0 | 1000 | ४०,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDULLAH BRAHIM ABDULLAH AL JATYLY INDUSTRIAL FACTORY

पूर्व स्वीकृति मिति : २०८३/०४/२५ LT. No. 346123 चलानी नं. ६०२५९८२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SMALL TRUCK DRIVER | 2 | 0 | 1500 | ६१,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHARARAT COFFEE CAFÉ FOR SERVING BEVERAGE

पूर्व स्वीकृति मिति : २०८३/०४/२१ LT. No. 346124 चलानी नं. ६०२५९८३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 2 | 0 | 1200 | ४०,००५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ १० गते (26th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।
FAST EMPLOYMENT SERVICE (P) LTD
Kunpondole, In front of Hotel Himalaya, Lalitpur, Tel. No: +977-5180421/ 5180431, 9808155760 Sunita shrestha
9860868244 Madan Bhattarai, E-mail : fastemployment1399@gmail.com, Web: www.fastemployment.com.np
Govt. License 1399/074/75



इजिप्टको गिजामा ऊँट चढेर पिरामिडको रमणीय स्थल अवलोकन गर्दै एक पर्यटक । *तस्विरः सिन्हवा*

# भ्रु रोङ्जीको अन्त्येष्टिअघि चीनमा शोक

**बेइजिङ–** चीनका पूर्वप्रधानमन्त्री भ्रु रोङ्जीको निधनपछि उनको अन्त्येष्टिअघि मंगलबार बेइजिङका सरकारी भवन तथा तियानमेन स्क्वायरमा राष्ट्रिय झण्डा आधा झुकाइएको छ। गत साता ९७ वर्षको उमेरमा निधन भएका भ्रुको योगदानलाई सामाजिक सञ्जालमा पनि स्मरण गरिएको छ।

सन् १९९८ देखि पाँच वर्ष प्रधानमन्त्री रहेका भ्रु चिनियाँ अर्थतन्त्रको निर्णायक पुनर्गठन, भ्रष्टाचारविरुद्धको कडा अभियान र राज्यको स्वामित्वमा रहेका अक्षम संस्थान सुधारका लागि परिचित थिए । उनको कार्यकालमा चीनलाई विश्व अर्थतन्त्रसँग थप जोड्ने महत्त्वपूर्ण आर्थिक सुधार अघि बढाइएको थियो ।

एएफपीका पत्रकारहरूले मंगलबार बेइजिङका सरकारी भवनमा झण्डा आधा झुकाइएको देखेका छन् । राजधानीको केन्द्रमा रहेको तियानमेन स्क्वायरमा पनि झण्डा आधा झुकाइएको थियो । अत्यधिक सुरक्षा व्यवस्था रहने तियानमेन स्क्वायरमा भ्रुको सम्मानमा गरिएको श्रद्धाञ्जलि चिनियाँ सामाजिक सञ्जाल वेइबोमासमेत शीर्ष चर्चाको विषय बनेको छ ।

वेइबोमा एक प्रयोगकर्ताले भ्रुले देशका लागि गरेको योगदानप्रति धन्यवाद दिँदै उनलाई सधैँ सम्झिइरहने उल्लेख गरेका छन् । भ्रुप्रति व्यक्त गरिएको श्रद्धाञ्जलिले आर्थिक सुधारका क्रममा उनले खेलेको भूमिकाप्रतिको जनस्मरणलाई पनि उजागर गरेको छ ।

चिनियाँ राज्य समाचार संस्था सिन्ह्वाले भ्रुलाई 'उत्कृष्ट सर्वहारा क्रान्तिकारी तथा राजनीतिज्ञ'का रूपमा स्मरण गरेको छ । सिन्ह्वाका अनुसार भ्रुको शव मंगलबार बेइजिङमा दाहसंस्कार गरिने छ । त्यसअघि सत्तारूढ चिनियाँ कम्युनिस्ट पार्टीका वरिष्ठ नेताहरूको सहभागितामा औपचारिक बिदाइ



कार्यक्रम आयोजना गरिने छ ।

सन् १९२८ मा मध्य चीनमा जन्मिएका भ्रु सन् १९४९ मा माओत्सेतुङको नेतृत्वमा कम्युनिस्ट क्रान्ति सफल भएपछि पार्टी संरचनामा अघि बढेका थिए । उनले सांघाईको मेयर, राष्ट्रिय उपप्रधानमन्त्रीहुँदै प्रधानमन्त्रीको जिम्मेवारी सम्हालेका थिए ।

भ्रुको प्रधानमन्त्री कार्यकाल चीनका तत्कालीन राष्ट्रपति जियाङ जेमिनको कार्यकालसँगै अघि बढेको थियो । जियाङको सन् २०२२ मा निधन भएको थियो । दुवै नेताको कार्यकालमा चीनले तीव्र आर्थिक सुधार र विश्व अर्थतन्त्रमा आफ्नो सहभागिता विस्तार गरेको थियो । भ्रुले सरकारी स्वामित्वका घाटामा रहेका तथा अक्षम कम्पनीको पुनर्संरचना र विघटनलाई अघि बढाएका थिए । यस्ता कदमले ठूलो आर्थिक तथा सामाजिक प्रभाव पारे पनि चीनको राज्य सञ्चालित अर्थतन्त्रलाई थप प्रतिस्पर्धी बनाउने प्रयासका रूपमा त्यसलाई हेरिएको थियो ।

उनी भ्रष्टाचारविरुद्धको कडा अडानका कारण पनि चर्चित थिए । सार्वजनिक पदमा इमानदारीलाई प्राथमिकता दिनुपर्ने उनको धारणा उनका सार्वजनिक अभिव्यक्तिमा देखिन्थ्यो । एकपटक आफूलाई भविष्यमा कसरी सम्झिइयोस् भन्ने प्रश्नमा भ्रुले आफूले पद छाडेपछि देशभरका मानिसले आफूलाई 'इमानदार अधिकारी, भ्रष्ट नभएको व्यक्ति' का रूपमा सम्झिए आफू सन्तुष्ट हुने बताएका थिए । चीनको आर्थिक रूपान्तरणका महत्त्वपूर्ण वर्षमा प्रधानमन्त्रीको जिम्मेवारी सम्हालेका भ्रुको निधनपछि भएको औपचारिक श्रद्धाञ्जलिले उनको राजनीतिक तथा आर्थिक योगदानलाई पुनः चर्चामा ल्याएको छ । *रासस⁄एएफपी*

# लीले वाङ यीलाई भेट्ने



**सियोल–** दक्षिण कोरियाली राष्ट्रपति ली जे मयुङले बिहीबार सियोलमा भ्रमणमा आएका चिनियाँ विदेशमन्त्री वाङ यीलाई भेट्ने भएका छन् । भेटमा दक्षिण कोरिया-चीन सम्बन्धको भविष्य, कोरियाली प्रायद्वीपको अवस्था तथा क्षेत्रीय र अन्तर्राष्ट्रिय विषयमा छलफल हुने भएको छ ।

चिनियाँ विदेशमन्त्री वाङ दुईदिने औपचारिक भ्रमणका क्रममा बुधबार दक्षिण कोरिया आउने छन् । उनले बिहीबार राष्ट्रपति लीसँग राष्ट्रपतिको कार्यालयमा भेटवार्ता गर्ने छन् । भेटका क्रममा राष्ट्रपति लीले चिनियाँ राष्ट्रपति सी चिनफिङलाई शुभकामना सन्देश दिने कार्यक्रम रहेको राष्ट्रपतिको कार्यालयले जनाएको छ । वाङले दक्षिण कोरियाका राष्ट्रिय सुरक्षा सल्लाहकार वाइ सुङ-ल्याकसँग वार्ता तथा दिवाभोजमा सहभागी हुनुका साथै विदेशमन्त्री चो ह्युनसँग पनि भेटवार्ता गर्ने छन् । उनीहरूबीच दक्षिण कोरिया-चीन सम्बन्ध, कोरियाली प्रायद्वीपको अवस्था तथा क्षेत्रीय र अन्तर्राष्ट्रिय विषयमा छलफल हुने जनाइएको छ ।

वाङको सियोल भ्रमण करिब पाँच वर्षपछि हुन लागेको हो । भ्रमणका क्रममा दुई देशले द्विपक्षीय सम्बन्धमा भएको प्रगतिसँगै आगामी नोभेम्बरमा चीनको शेनझेनमा हुने एसिया-प्रशान्त आर्थिक सहयोग (एपेक) शिखर सम्मेलनको तयारीबारे पनि छलफल गर्ने अपेक्षा गरिएको छ । चीन उत्तर कोरियाको प्रमुख कूटनीतिक तथा आर्थिक समर्थक हो भने दक्षिण कोरियाको सबैभन्दा ठूलो व्यापारिक साझेदार पनि हो । त्यसैले वाङको भ्रमणलाई सियोल र बेइजिङबीचको सम्बन्धसँगै उत्तर कोरियाको आणविक कार्यक्रम तथा कोरियाली प्रायद्वीपको सुरक्षा अवस्थाबारे संवादका दृष्टिले महत्त्वपूर्ण मानिएको छ ।

वाङको भ्रमण अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उत्तर कोरियाली नेता किम जोङ उनसँग पुनः सम्पर्कको संकेत दिएको र दक्षिण कोरियासँगको संयुक्त सैन्य अभ्यास घटाउने घोषणा गरेको केही दिनपछि हुन लागेको हो । ट्रम्पले किमले आफूले गरेको पछिल्लो सम्पर्क प्रयासको जवाफ दिएको बताउँदै उनसँगको आफ्नो सम्बन्धको प्रशंसा गरेका थिए ।

ट्रम्पले आइतबार दक्षिण कोरियासँग हुने संयुक्त सैन्य अभ्यासलाई 'अनुपयुक्त र शत्रुतापूर्ण' भन्दै पेन्टागनलाई अभ्यास घटाउन आदेश दिएको घोषणा गरेका थिए । उक्त निर्णयले दक्षिण कोरियामा अमेरिकी सुरक्षा प्रतिबद्धताबारे चिन्ता बढाएको छ । राष्ट्रपति लीले भने अमेरिका-दक्षिण कोरिया गठबन्धनको महत्त्व दोहोऱ्याउँदै आफ्नो मुलुकको स्वतन्त्र रक्षा क्षमता पनि बलियो बनाउनुपर्ने बताएका छन् ।

यसैबीच राष्ट्रपति लीले गत सप्ताहान्त कोरियाली युद्धलाई औपचारिकरूपमा अन्त्य गरी शान्ति व्यवस्था कायम गर्ने विषयमा उत्तर कोरियासँग वार्ताको प्रस्ताव गरेको थियो । उनले तनाव घटाउन र दीर्घकालीन शान्तिका लागि संवाद आवश्यक रहेको बताएका थिए ।

उत्तर कोरियाले भने दक्षिण कोरियासँगको सम्बन्धलाई शत्रुतापूर्ण ढंगले परिभाषित गर्दै आएको छ । उसले रुसको युक्रेन युद्धमा सेना र हतियार पठाएर मस्कोसँगको सम्बन्धसमेत थप सुदृढ बनाएको छ । यस वर्षको सुरुमा चिनियाँ राष्ट्रपति सीले बेइजिङमा अमेरिकी राष्ट्रपति ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग लगातार शिखर वार्ता गरेका थिए । त्यसपछि उनले प्योङयाङको भ्रमण गरी उत्तर कोरियाली नेता किमसँग पनि भेटवार्ता गरेका थिए ।

चीन र उत्तर कोरियाले उक्त भेटसम्बन्धी आधिकारिक विवरणमा उत्तर कोरियाको आणविक निशस्त्रीकरणको विषय उल्लेख नगरेपछि विज्ञहरूले त्यसलाई प्योङयाङको आणविक गतिविधिप्रति चीनको मौन स्वीकृतिका रूपमा व्याख्या गरेका थिए । यस्तो क्षेत्रीय परिस्थितिमा राष्ट्रपति ली र विदेशमन्त्री वाङबीचको भेटले दक्षिण कोरिया-चीन सम्बन्धलाई अघि बढाउनेसँगै उत्तर कोरिया, अमेरिका र चीनबीच बदलिँदो रणनीतिक समीकरणबारे सियोल र बेइजिङको धारणा स्पष्ट गर्ने अपेक्षा गरिएको छ । *रासस⁄एएफपी*

# अमेरिका–इरान वार्ता पुनः सुरू गर्न होर्मुज सम्झौता महत्त्वपूर्ण हुने कतारको भनाइ

**दोहा–** संयुक्त राज्य अमेरिका र इरानबीच रोकिएको वार्ता पुनः सुरु गर्न होर्मुज जलसन्धिबारे इरान र ओमानबीच हुने सम्भावित सम्झौता महत्त्वपूर्ण हुने कतारले मंगलबार जनाएको छ । कतार अमेरिका-इरान वार्तामा प्रमुख मध्यस्थकर्तामध्ये एक हो ।

फेब्रुअरीको अन्त्यतिर अमेरिका र इरानबीच युद्ध सुरु भएपछि इरानले होर्मुज जलसन्धि बन्द गरेको थियो । सामान्य अवस्थामा विश्वको करिब पाँचौं भाग तेल तथा एलएनजी यही जलमार्गबाट ओसारपसार हुने गर्छ । जलसन्धिको दुवैतर्फ रहेका इरान र ओमानले केही समययता यसबाट हुने पानीजहाजको आवागमन पुनः सञ्चालन गर्ने विषयमा छलफल गर्दै आएका छन् । इरानले प्रस्तावित मार्गको भौगोलिक अवस्थिति (कोअर्डिनेट) बारे दुवै पक्षबीच सहमति भएको जनाएको छ ।

कतारी विदेश मन्त्रालयका प्रवक्ता माजेद अल-अन्सारीले पत्रकारसँग भने, 'हामी ओमान र इरानबीच जलसन्धिबारे हुने सम्झौताको प्रतीक्षामा छौं, जसले हामीलाई वार्ता प्रक्रियामा फर्किन सक्षम बनाउने छ ।'

उनले होर्मुज जलसन्धिबारे हुने सम्झौताले अमेरिका र इरानबीचको वार्ता पुनः सुरु गर्न सहज बनाउने बताए । यसअघि जुनमा दुई देशबीच भएको समझदारीपत्र (एमओयू) जलसन्धि व्यवस्थापनसम्बन्धी विषयमा सहमति हुन नसकेपछि कार्यान्वयनमा आउन सकेको थिएन । इरानका प्रमुख वार्ताकार मोहम्मद बाघेरी घलिबाफले मंगलबार अमेरिकाले नौसैनिक नाकाबन्दी हटाउनेलगायत तेहरानका माग पूरा नगरेसम्म रणनीतिक जलमार्ग पुनः नखोलिने बताएका छन् ।

सोमबार इरानले वार्ता 'गम्भीर ढंगले अघि बढिरहेको' र संयुक्त वक्तव्यको मस्यौदाबारे विचार आदानप्रदान भइरहेको जनाएको थियो । इरानले हाल पानीजहाजलाई अनुमति लिन तथा पारवहन शुल्क तिर्नुपर्ने व्यवस्था गरेको छ । अमेरिका र यस क्षेत्रका अन्य केही देशले उक्त व्यवस्थाको विरोध गर्दै आएका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले होर्मुज जलसन्धिबारे इरानसँग हुने सम्झौतामा ओमानले अवरोध खडा गरेमा कारबाही गर्ने चेतावनी दिएका छन् । उनले तेहरानलाई युद्ध अन्त्य गर्न आत्मसमर्पण गर्नसमेत आह्वान गर्दै आएका छन् । *रासस⁄एएफपी*

# प्यालेस्टिनी नागरिकको सुरक्षाका लागि राष्ट्रसंघको आह्वान

UNITED NATIONS

**न्युयोर्क–** संयुक्त राष्ट्रसंघले इजरायल-प्यालेस्टाइन द्वन्द्वका क्रममा प्यालेस्टिनी नागरिकको सुरक्षा, घर तथा सम्पत्तिको संरक्षण र अत्यावश्यक सेवामा उनीहरूको पहुँच सुनिश्चित गर्न आह्वान गरेको छ । वेस्ट ब्यांकमा बढ्दो तनाव तथा आक्रमण र गाजा पट्टीमा जारी इजरायली हवाई आक्रमण, गोलाबारी र गोली हानाहानबीच राष्ट्रसंघले नागरिकको अवस्थाप्रति गम्भीर चिन्ता व्यक्त गरेको हो ।

संयुक्त राष्ट्रसंघका महासचिवका प्रवक्ता स्टेफन डुजारिकले मानवीय सहयोगमा संलग्न टोलीले उत्तरी वेस्ट ब्यांकको कुसरा गाउँमा पुगेर प्रभावित परिवारलाई सहयोग उपलब्ध गराएको बताए । इजरायली बस्तीको चौकी स्थापना भएपछि तथा कडा आवागमन प्रतिबन्ध लगाइएपछि केही प्यालेस्टिनी परिवार आफ्नै घर वरपर फसेको उनले बताएका हुन् ।

संयुक्त राष्ट्रसंघीय बाल कोष (युनिसेफ) को टोलीले प्रभावित परिवारलाई पानी, खाद्यान्न, औषधि र सरसफाइका सामग्री उपलब्ध गराउनुका साथै बालबालिकाका लागि मनोरञ्जनात्मक सामग्रीसमेत वितरण गरेको डुजारिकले बताए ।

संयुक्त राष्ट्रसंघीय मानवीय मामिला समन्वय कार्यालय (ओसिएइचए) का अनुसार कुसरा गाउँमा तीन प्यालेस्टिनी परिवार इजरायली सेना तथा बस्तीका बासिन्दाको ठूलो उपस्थितिबाट घेरिएको अवस्थामा रहेको डुजारिकले जानकारी दिए । गाजा पट्टीमा पनि नागरिकको अवस्था गम्भीर बन्दै गएको राष्ट्रसंघले जनाएको छ । त्यहाँ निरन्तर भइरहेको हवाई आक्रमण, गोलाबारी तथा गोली हानाहानका कारण नागरिक हताहत भएको विवरणप्रति राष्ट्रसंघले चिन्ता व्यक्त गरेको छ ।

वर्षायाम नजिकिँदै गर्दा गाजामा आश्रय सामग्रीको अभाव थप गम्भीर बन्न सक्ने चेतावनीसमेत दिइएको छ । राष्ट्रसंघ र उसका साझेदारहरूले करिब ३० हजारभन्दा कम पालको व्यवस्था गर्न सकेका छन् । यद्यपि आवश्यक पालको संख्या ८० हजारदेखि एक लाख ३० हजारसम्म अनुमान गरिएको छ ।

गाजा र वेस्ट ब्यांकमा मानवीय सहायता उपलब्ध गराउन यस वर्ष आवश्यक पर्ने अनुमानित चार अर्ब अमेरिकी डलरमध्ये ४० प्रतिशतभन्दा कम रकममात्र हालसम्म जुटेको डुजारिकले पुष्टि गरे । आवश्यक रकमको अभावले द्वन्द्वबाट प्रभावित नागरिकलाई खाद्यान्न, स्वास्थ्य, आश्रय र अन्य अत्यावश्यक सेवा उपलब्ध गराउने प्रयासमा थप चुनौती उत्पन्न भएको राष्ट्रसंघले जनाएको छ । *रासस⁄क्युएनए*


## कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **BARQ LINK MANPOWER PVT. LTD.** (इजाजत नम्बरः १८४९⁄०८२⁄८३) मा कार्यरत निम्न कर्मचारीहरू हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। निजहरूसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्नु⁄नगराउनु हुन यो सूचना प्रकाशित गरिएको छ। साथै निहरूसँग सम्बन्धित कुनै पनि बैदेशिक रोजगार सम्बन्धी कारोबार वा लेनवदेनबाट यस प्रा.लि. जिम्मेवार हुने छैन । यदि कसैको कुनै दाबी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि.वा सम्बन्धित वैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| क्र.सं. | नाम | पद | नागरिकता नं. |
|---|---|---|---|
| १ | जेसिका थापा | सञ्चालन प्रबन्धक | ५०-०१-८२-०४१४३ |

BARQ LINK MANPOWER PVT. LTD.
Gov. Lic No.: 1849/082/083

**BARQ LINK MANPOWER PVT. LTD.**
Gurans Galli, Pingalasthan-9, Gaushala, Kathmandu, Nepal, Tel: 01-5929830, Cell : 9860739830
E-mail: info@barqlinkmanpower.com, Website: www.barqlinkmanpower.com

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७६/०७/२१ मा दर्ता भएको यस **नमुना अटो सर्भिस स्टेशन नेपाल प्राइभेट लिमिटेड** (प्रा.लि.नं. २२७७०९) कम्पनी यस कार्यालयको मिति २०८३/०५/०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## ब्लोसन रेष्टुरेण्ट प्रा. लि. (लिक्वीडेशन)

## सम्बन्धमा हकदावी गर्न आउने बारे सूचना

कम्पनी ऐन २०६३ बमोजिमको मिति २०६८।०८।२७ मा दर्ता भएको ८८७०३/०६८/०६९ को ब्लोसम रेष्टुरेण्ट प्रा.लि. लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३।०५।०२ गतेको विशेष सधारण सभाले निर्णय गरेकोले कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही/कसैको कुनै किसिमको लेनदेन, बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुद प्रमाण सहित सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्र निम्न लिखित लिक्वीडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**रमेश हरि अधिकारी, लिक्वीडेटर**
**दमासाही प्र.न.नं. ५४७⁄ मोबाइल नं. ९८४२६३८३६७**

## मलेसियामा रोजगार

कम्पनी : MTS SEA SUN SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/०५ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०५/०२ | LT. No. 340055 | चलानी नं. ६०२५३५३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cargo Worker | 13 | 0 | 1700 | म | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ १० गते (26th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने⁄रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५⁄- कामदारले तिर्ने | रु. १,५००⁄- कामदार आफैंले | निःशुल्क | रु.७००⁄- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Elite Gurkhas Overseas Pvt. Ltd.**
Gongabu Townplanning-26 Kathmandu, Nepal, Tel.: +977-1-4975567, 4975568,
E-mail: proelitegurkhas@gmail.com, Web: www.elitegurkhasoverseas.com
श्रम इजाजत नं.५३५⁄०६१⁄०६२

## युएइमा रोजगार

कम्पनी : SMART CREST CONTRACTING L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०५/०२ | LT. No. 346631 | चलानी नं. ६०२५९८२७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 12 | 0 | 1200 | ४९,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ १० गते (26th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने⁄रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५⁄- कामदारले तिर्ने | रु. १,५००⁄- कामदार आफैंले | निःशुल्क | रु.७००⁄- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**FEWA OVERSEAS PVT. LTD**
1559/079/80
Kageshwori, Manohara-9, Airport Nagar, Gothatar, Kathmandu, Nepal, Tel: 01-5914530,
Roshan Raj Mishra 9808655324, Email : fewaoverseas11@gmail.com, Web: www.fewaoverseas.com.np

## कुवेतमा रोजगार

कम्पनी : MAJDI FOOD COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१०/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/०२ | LT. No. 318230 | चलानी नं. ६०२००२५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning Worker/technician(Male) | 2 | 0 | 130 | ६४,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper-plastic Products Collection | 4 | 0 | 90 | ४४,६०० | | | | | | | |
| 3 | Hr Administrtator/coordinator | 1 | 0 | 250 | १२३,८८५ | | | | | | | |
| 4 | Packing Worker | 8 | 0 | 90 | ४४,६०० | | | | | | | |
| 5 | Printing Machine Operator | 1 | 0 | 150 | ७४,३३० | | | | | | | |
| 6 | Quality Assistant | 1 | 0 | 150 | ७४,३३० | | | | | | | |
| 7 | Stock Controller Assistant | 1 | 0 | 200 | ९९,११० | | | | | | | |
| 8 | Warehouse Labor (Male) | 2 | 0 | 90 | ४४,६०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ १० गते (26th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने⁄रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५⁄- कामदारले तिर्ने | रु. १,५००⁄- कामदार आफैंले | १०,००० | रु.७००⁄- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**Employment Link Nepal Pvt. Ltd.**
Tokha-10,Tokha Road, Samakhusi, Kathmandu, Nepal, Tel: +977-4371365, 4372698, 5900079
E-mail: elndocument@gmail.com, Website: www.employmentlinknepal.com
श्रम ईजाजत नं. २९९⁄०५८⁄०५९

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३०६८०० | प्रति तोला – ० | प्रति तोला – ४७५५ |

## 'गण्डकी क्षेत्रका पर्यटनको प्रचुर सम्भावनालाई उजागर गरौं'

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघका निवर्तमान अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालको गण्डकी क्षेत्रमा व्याप्त रहेको पर्यटनको प्रचुर सम्भावनाको उजागर गर्नुपर्नेमा जोड दिएका छन् ।

बागलुङ जिल्लाको बागलुङ नगरपालिका-१२ मा अवस्थित बलेवा कालभैरवमा आयोजित 'हरेलो मेला'को मंगलबार उद्घाटन गर्दै उनले गण्डकी प्रदेशमा प्राकृतिक मात्र नभएर धार्मिक, सांस्कृतिक पर्यटनको पनि अधिक सम्भावना रहेकाले यसको उजागर गर्न स्थानीय आफैं लाग्नुपर्नेमा जोड दिए ।

निवर्तमान अध्यक्ष ढकालले भने, 'मुक्तिनाथमा हाल भारतीय पर्यटकको आगमन बढ्दै गएको छ । मुक्तिनाथ पुग्ने नेपालकै आन्तरिक पर्यटक पनि दिनप्रतिदिन बढ्दैछन् । बागलुङ बजार मुक्तिनाथ र रारा ताल जाने नेपालीकै 'ट्रान्जिट' जस्तै बनेको छ । ती पर्यटकलाई बागलुङ बजार तथा पर्यटकीय बलेवा भैरवस्थानसम्म पुग्ने र बास बस्ने वातावरण कसरी निर्माण गर्न सकिन्छ भनेर योजना बनाउनुपर्दछ ।'

पूर्वअध्यक्ष ढकालले नेपाल आउने करिब ५० प्रतिशत पर्यटक पोखरा आउने भएकाले तिनलाई बागलुङसम्म ल्याउने र एक-दुई दिन बसाइँ लम्ब्याउने योजनामा लाग्न जिल्लाका पर्यटन व्यवसायीसँग आग्रह पनि गरे । नेपालका उत्तर र दक्षिणी छिमेकीसँग जोडिएको गण्डकी प्रदेशले ती छिमेकीको कम्तीमा पनि तीन अर्ब जनसंख्याबाट फाइदा लिनसक्नुपर्ने उनको भनाइ छ ।

उनीहरूलाई नेपाल भित्र्याउने प्रभावकारी पर्यटन नीति र योजनाका साथ अघि बढ्न सकिएमा गण्डकी क्षेत्र मात्र नभएर नेपालको समग्र पश्चिम क्षेत्रकै भविष्य उज्ज्वल बन्ने उनले बताए । अध्यक्ष ढकालले हरेलो उत्सव नेपालको पश्चिम क्षेत्रकै एक मौलिक सांस्कृतिक परम्परा रहेकाले यसको संरक्षण र प्रवर्द्धन गर्नुपर्नेमा जोड दिए ।

बागलुङमा वर्षायाममा रोपेको धानमा कटाहा (मुसा) नलागोस्, बाली नमासियोस्, पाकेको बाली सहजै भित्र्याउन सकियोस् र अन्न प्रशस्त उत्पादन होस् भन्ने कामना गर्दै हरेक वर्ष भदौको पहिलो मंगलबार हरेलो पर्व मनाउने प्रचलन छ । घर तथा खेतमै पुगेर गरिने हरेलो पूजा खेतीबाली र जमिनको पूजा हो । यसलाई प्रकृति अर्थात् जमिनको पूजा पनि भन्ने गरिन्छ ।

खेतमा धूपसहित पूजा गरेर मास, चामल, गहुँ, फापर, तोरी आदिबाट तयार पारिएका विभिन्न परिकार तयार गरी चढाउने गरिन्छ । यो मौलिक परम्पराको संरक्षण र सम्वर्द्धन होस् भन्ने उद्देश्यले बागलुङ नगरपालिका र बलेवा कालभैरव मन्दिर समितिको पहलमा केही वर्षदेखि हरेलो मेलाको आयोजना गरिँदै आइएको छ ।

## नेपाललाई इयूको उडान सुरक्षा सूचीबाट हटाउन सरकार दृढ

■ प्रभाव संवाददाता



**काठमाडौं–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री खडकराज पौडेलले नेपाललाई यूरोपेली संघको उडान सुरक्षा सूचीबाट हटाउन सरकार दृढताका साथ अघि बढिरहेको बताएका छन् ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा मन्त्रालयगत विषयमा उठेका प्रश्नको जवाफ दिँदै उनले उडान सुरक्षाप्रतिको नेपालको प्रतिबद्धता, सुधारात्मक कार्ययोजनाको कार्यान्वयन, नियामकीय क्षमता अभिवृद्धि, संस्थागत सुधार र यूरोपेली संघसँगको निरन्तर संवादका आधारमा छिट्टै सो सूचीबाट हट्ने विश्वास व्यक्त गरे । उनले यूरोपेली संघबाट सुधारात्मक कार्ययोजनाको समीक्षा नतिजा प्राप्त भएपछि यसका आधारमा आवश्यक थप कदम अघि बढाइने स्पष्ट पारे ।

यूरोपेली संघको उडान सुरक्षा सूचीबाट नेपाललाई हटाउने विषय सरकारको उच्च प्राथमिकतामा रहेको जनाउँदै मन्त्री पौडेलले नेपाललाई उक्त सूचीबाट हटाउन उडान सुरक्षा प्रणालीको सुधारसँगै नियामकीय क्षमता अभिवृद्धि, संस्थागत सुधार र कूटनीतिक पहललाई समानान्तररूपमा अघि बढाइएको बताए ।

यूरोपेली संघले सन् २०२३ को सेप्टेम्बर ११-१५ नेपालमा स्थलगत उडान सुरक्षा मूल्यांकन सम्पन्न गरेको थियो । 'उक्त मूल्यांकनको खुला निष्कर्षलाई अहिलेसम्म कार्यान्वयन नभएको अवस्था थियो । हामी आइसकेपछि ५ जुन २०२६ मा युरोपेली संघसमक्ष यसको विवरण पेस गरेका छौं, संघले पनि १२ जुन २०२६ मा पठाएको जानकारी अनुसार ती सुधारात्मका कार्ययोजनाको समीक्षा छिट्टै उपलब्ध गराउने भन्नुभएको छ', मन्त्री पौडेलले भने । उनले हवाई सुरक्षा तथा नियमनसम्बन्धी प्राविधिक क्षमता अभिवृद्धिका लागि अन्तरराष्ट्रिय साझेदारसँगको सहकार्यमा विभिन्न कार्यक्रम सञ्चालन भइरहेको जानकारी दिए ।

'संस्थागत सुधारतर्फ महत्त्वपूर्ण काम अघि बढाइएको छ । नेपाल नागरिक उ•यन प्राधिकरणलाई नियामकीय निकाय र सेवा प्रदायक निकायकारूपमा विशिष्टकृट गरी छुट्टाछुट्टै संस्थागत संरचना स्थापना गर्ने सन्दर्भमा आवश्यक विधेयक तर्जुमा गरिसकिएको र छिट्टै सदनमा पेस गरिनेछ', मन्त्री पौडेलले भने ।

प्राविधिक तथा संस्थागत सुधारसँगै सरकारले यस विषयमा कूटनीतिक तहबाट निरन्तर सक्रिय पहल भइरहेको जानकारी दिँदै उनले यसक्रममा नेपालका लागि यूरोपेली संघका राजदूतसँग व्यक्तिगत रूपमा भेटघाट गरी नेपालले उडान सुरक्षाका सुधारका क्षेत्रमा गरेको प्रगति, सुधारात्मक कार्ययोजनाको कार्यान्वयन र आगामी योजनाबारे छलफल गरिएको स्पष्ट पारे ।

यूरोपेली संघका सदस्य राष्ट्रका नेपालस्थित र गैरआवासीय राजदूतसँग पनि भेटघाट गरी नेपाललाई उडान सुरक्षा सूचीबाट हटाउने विषयमा नेपालको प्रतिबद्धता, सुधारका प्रयास र आगामी कार्यदिशाबारे जानकारी गराउँदै आवश्यक सहयोग र सकारात्मक भूमिकाका लागि आग्रह गरिएको उनको भनाइ छ ।

'नेपाललाई यूरोपेली संघको उडान सुरक्षा सूचीबाट हटाउने विषय केवल कूटनीतिक पहलबाट मात्र होइन, उडान क्षेत्रमा वास्तविक र मापनयोग्य सुधारमार्फत सुनिश्चित गर्नुपर्छ', मन्त्री पौडेलले भने, 'अन्तरराष्ट्रिय हवाई सुरक्षा मापदण्डअनुसार प्राविधिक र नियमामकीय सुधारलाई तीव्रता दिइएको छ । यूरोपेली संघ र सदस्य राष्ट्रसँग उच्चस्तरीय कूटनीतिक संवादलाई निरन्तरता दिइएको छ ।'

## कर्पोरेट

### मुक्तिनाथ विकास बैंकका ग्राहकलाई 'बरपिपल रिसोर्ट पोखरा'मा विशेष छुट



**काठमाडौं (प्रस)–** मुक्तिनाथ विकास बैंक लिमिटेडले आफ्ना ग्राहकहरूलाई थप सेवा तथा सुविधा प्रदान गर्ने उद्देश्यले पोखरामा अवस्थित 'बरपिपल रिसोर्ट पोखरा'सँग विभिन्न सेवा तथा सुविधामा विशेष छुट प्रदान गर्ने सम्बन्धमा व्यावसायिक सम्झौता गरेको छ ।

उक्त व्यावसायिक सम्झौताअनुसार मुक्तिनाथ विकास बैंकका ग्राहकहरूले बरपिपल रिसोर्ट पोखरा मा खाना, बस्न तथा स्पा सेवामा १० देखि २० प्रतिशतसम्म विशेष छुट प्राप्त गर्न सक्नेछन्। त्यसैगरी, ६ जनाभन्दा बढीको समूहमा बुकिङ गर्दा १ जनाका लागि बस्ने सुविधासहित बिहानको खाजा र खाना निःशुल्क उपलब्ध गराइनेछ । उक्त छुट तथा सुविधा प्राप्त गर्न बैंकका ग्राहकहरूले बैंकको मान्य डेबिट कार्ड/प्रिभिलेज कार्ड पेश गर्नुपर्नेछ वा मुक्तिनाथ विकास बैंकको मोबाइल बैंकिङमार्फत भुक्तानी गर्नुपर्नेछ । साथै मुक्तिनाथ विकास बैंकले आधारदरमा शून्य प्रतिशत प्रिमियममा समेत लगानी गर्न सकिने अटो लोन सञ्चालनमा ल्याएको छ ।

### रेडमी १७ सिरिज नेपालमा सार्वजनिक

**काठमाडौं (प्रस)–** शाओमीले नेपालमा रेडमी १७ सिरिज अन्तर्गत रेडमी १७ र रेडमी १७ ५जी सार्वजनिक गरेको छ । लामो समयसम्म चल्ने ब्याट्री, १२० हर्ज रिफ्रेस रेट भएको सहज डिस्प्ले र दैनिक प्रयोगका लागि भरपर्दो मजबुतीलाई प्राथमिकता दिइएको यो सिरिज प्रयोगकर्ताले पटक-पटक चार्ज गर्नुपर्ने झन्झट कम गर्ने उद्देश्यले ल्याइएको हो । रेडमी १७ सिरिजको मुख्य विशेषता ७,५०० एमएएचको ठूलो ब्याट्री हो, जुन आफ्नो सेग्मेन्टकै ठूलो क्षमतामध्ये एक हो। यसले भिडियो स्ट्रिमिङ, गेमिङ वा व्यस्त दिनभर फोन प्रयोग गर्दा पनि लामो समयसम्म साथ दिने कम्पनीको दाबी छ । ब्याट्री सकिन लाग्दा ४५ वाट टर्बो चार्जिङले छिटो चार्ज गर्न सहयोग गर्छ, जसले चार्जिङमा लाग्ने समय कम गर्छ ।

यस सिरिजमा २२.५ वाट रिभर्स चार्जिङ सुविधा पनि उपलब्ध छ । यसमार्फत फोनलाई पावर बैंकका रूपमा प्रयोग गरी इयरबड्स, स्मार्टवाच वा आवश्यक परेको अवस्थामा अर्को फोनसमेत चार्ज गर्न सकिन्छ । नेटवर्क र प्रयोगको अवस्थाअनुसार ब्याट्रीको वास्तविक प्रयोग अवधि फरक पर्न सक्छ भने रेडमी १७ ५जीले रेडमी १७ को तुलनामा अझ लामो समय प्रयोग गर्न सकिने कम्पनीले जनाएको छ ।

दुवै स्मार्टफोनमा ६.९ इन्चको एचडी डिस्प्ले र १२० हर्ज रिफ्रेस रेट रहेको छ । यसले स्क्रोलिङ, गेमिङ र भिडियो हेर्दा सहज र स्मूथ अनुभव प्रदान गर्छ । रेडमी १७ मा मिडियाटेक हेलियो जी९१-अल्ट्रा प्रोसेसर प्रयोग गरिएको छ भने रेडमी १७ ५जीमा छिटो ५जी कनेक्टिभिटीका लागि स्न्यापड्रागन ४ जेन ५ मोबाइल प्लेटफर्म दिइएको छ । दुवै फोनमा शाओमी हाइपरओएस ३ रहेको छ र मेमोरी एक्सटेन्सनमार्फत १२ जीबीसम्म र्‍याम सपोर्ट गर्छन्, जसले एकैपटक धेरै काम गर्दा पनि सहज र छरितो अनुभव दिन्छ ।




क्यामेरातर्फ दुवै फोनमा ५० मेगापिक्सेल एआई डुअल क्यामेरा र ८ मेगापिक्सेल फ्रन्ट क्यामेरा रहेको छ । डुअल-भ्यु भिडियो रेकर्डिङ सुविधामार्फत एकैपटक विभिन्न कोणबाट भिडियो खिच्न सकिन्छ । अडियोका लागि डुअल स्टेरियो स्पिकर दिइएको छ, जसले ३०० प्रतिशतसम्म भोल्युम बुस्ट सपोर्ट गर्छ । साथै, फोनमा ३.५ एमएम हेडफोन ज्याक र छिटो कनेक्सन तथा ट्याप-टु-पे सुविधाका लागि एनएफसी सपोर्ट पनि रहेको छ । रेडमी १७ कालो, डीप ब्लु, ओक ग्रिन र लोटस पर्पल गरी चार रंगमा उपलब्ध हुनेछ । यो ४ जीबी + १२८ जीबी र ६ जीबी + १२८ जीबी गरी दुई भेरियन्टमा क्रमशः रु. २७,९९९ र रु. ३३,९९९ मा उपलब्ध हुनेछ ।

त्यसैगरी, रेडमी १७ ५जी कालो, डीप ब्लु र भिभिड अरेन्ज गरी तीन रंगमा उपलब्ध हुनेछ । यो ४ जीबी + १२८ जीबी, ४ जीबी + २५६ जीबी र ६ जीबी + २५६ जीबी गरी तीन भेरियन्टमा क्रमशः रु. ३३,९९९, रु. ३७,९९९ र रु. ४१,९९९ मा उपलब्ध हुनेछ ।

### मञ्जुश्री फाइनान्स र अल्फा केयर डायग्नोस्टिक सेन्टरबीच सम्झौता




**काठमाडौं (प्रस)–** गुणस्तरीय स्वास्थ्य सेवामा सर्वसाधारणको पहुँच विस्तार गर्ने उद्देश्यले अल्फा केयर डायग्नोस्टिक सेन्टर र मञ्जुश्री फाइनान्स लिमिटेड बीच समझदारीपत्रमा हस्ताक्षर भएको छ । सम्झौतासँगै दुवै संस्थाले स्वास्थ्य सेवासम्बन्धी प्रभावकारी तथा अर्थपूर्ण समाधानहरू विकास गर्दै सर्वसाधारणका लागि गुणस्तरीय त्तस्वास्थ्य सेवा थप सहज र पहुँचयोग्य बनाउने प्रतिबद्धता जनाएका छन् । स्वास्थ्य सेवा र वित्तीय क्षेत्रका दुई संस्थाबीच भएको यस सहकार्यले सेवाग्राहीलाई आवश्यक स्वास्थ्य सेवामा सहज पहुँच पुर्‍याउनुका साथै स्वास्थ्यसम्बन्धी नयाँ तथा प्रभावकारी योजनाहरू अघि बढाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

समझदारीपत्रमा हस्ताक्षरलाई दुवै संस्थाबीचको सहकार्यको महत्वपूर्ण सुरुवातका रूपमा लिइएको छ । आगामी दिनमा संयुक्त पहलमार्फत स्वास्थ्य क्षेत्रमा सकारात्मक प्रभाव पार्ने कार्यक्रम तथा समाधानहरू अघि बढाउने लक्ष्य राखिएको छ । यस सहकार्यबारे दुवै संस्थाले 'स्वस्थ र उज्ज्वल भविष्य निर्माणका लागि सँगसँगै अघि बढ्ने' प्रतिबद्धता व्यक्त गरेका छन् ।

## १० वर्षमा पनि बनेन बाक्सिलामा विद्युत् सवस्टेसन

■ केदार मगर

**खोटाङ–** जिल्लाको उत्तरी क्षेत्रका स्थानीयवासीलाई गुणस्तरीय विद्युत् सेवा उपलब्ध गराउन केपिलासगढी गाउँपालिका-४ बाक्सिलास्थित सिम्पानीमा १० वर्षअघि नेपाल विद्युत् प्राधिकरणको सवस्टेसन निर्माण सुरु गरिएको थियो । तीन वर्षमा सम्पन्न गर्नेगरी विसं २०७३ भदौमा भारतीय ठेकेदार कम्पनी एटुजेड इन्फ्रा इञ्जियरिङ लिमिटेडले सम्झौता गरेको सवस्टेसन अहिले पनि पूरा भएको छैन ।

निर्माणस्थलमा सवस्टेसनको लागि आवश्यक पर्ने विद्युतीय उपकरणहरू ल्याइए पनि जथाभावी खुला चौरमा थुपारिएका कारण कतिपय उपकरण टुटफुट र काम नलाग्ने अवस्थामा पुगेको देखिएको छ । विद्युत् प्राधिकरणसँग ठेकेदार कम्पनीले गरेको सम्झौताअनुसार विसं २०७६ सालमै बनिसक्नुपर्ने सबस्टेसनको क्वाटर र कन्ट्रोल बिल्डिङको काम अहिलेसम्म पनि अधुरै छ ।

सवस्टेसन निर्माणस्थलमा कतिपय संरचनाको पिलर मात्र ठड्याएर ठेकेदार कम्पनी सम्पर्कविहीन भएको अलपत्र पारेर सम्पर्कविहीन भएको स्थानीय बासिन्दा एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) का युवा नेता माइतीराज राईले बताए । ठेकेदार कम्पनीले बुइपा-बाक्सिला ३३ केभी र ११ केभी प्रशारणलाईनको काम पूरा गरे पनि ट्रान्सफर्मर थप गर्ने र सबस्टेसन निर्माणको काम गरेको छैन ।

सवस्टेसनको बाँकी काम पूरा गराउन पटकपटक विद्युत् प्राधिकरण पुग्दा पनि सुनुवाइ नभएको केपिलासगढी गाउँपालिकाका प्रमुख समीर राईले बताए । 'सवस्टेसनमा जडान गर्न विराटनगरमा खरिद गरेर राखिएका ट्रान्सफर्मरहरू निर्माणस्थलमा लगिएको छैन । निर्माणस्थल ल्याइएका उपकरणहरू पनि काम नलाग्ने भइसकेका छन्', उनले भने, 'यो विषय हाम्रो कार्य क्षेत्रभित्र पर्दैन । विद्युत् प्राधिकरणलाई पटकपटक जानकारी गराउँदा ध्यान दिएको छैन । यसको मार उपभोक्ताले खेप्नु परिरहेको छ ।'

केपिलासगढी र ऐसेलुखर्क गाउँपालिका तथा दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाको उत्तरी क्षेत्रका सेवाग्राहीलाई लक्ष्यित गर्दै बाक्सिलामा सवस्टेसन निर्माणको काम थालिएको थियो । बाँकी काम सम्पन्न हुँदासम्ममा सवस्टेसन निर्माण योजनाको कूल खर्च करिब रु ११ करोड पुग्ने प्राधिकरणले जनाएको छ ।

पटकपटक पेटी ठेकेदार परिवर्तन हुँदा केपिलासगढी गाउँपालिका-४ बाक्सिलास्थित सिम्पानीमा निर्माणाधीन सवस्टेसन निर्माणको

> विद्युत् प्राधिकरणसँग ठेकेदार कम्पनीले गरेको सम्झौताअनुसार विसं २०७६ सालमै बनिसक्नुपर्ने सबस्टेसनको क्वाटर र कन्ट्रोल बिल्डिङको काम अहिलेसम्म पनि अधुरै छ ।

कामले गति लिन नसकेपछि विकल्पहरूको खोजी भइरहेको नेपाल विद्युत प्राधिकरण दिक्तेल वितरण केन्द्र खोटाङका प्रमुख धनराज विष्टले जानकारी दिए । 'ठेकेदार कम्पनीले नियमित काम गर्ने हो भने, सवस्टेसनको बाँकी काम सकिने धेरै समय लाग्दैन । तर, यो ठेकेदार कम्पनीले काम गर्ने अवस्था छैन', उनले भने, 'सिम्पानीमा निर्माणाधीन सबस्टेसन जसरी भए पनि सञ्चालनमा ल्याउनुपर्ने अवस्था छ । उत्तरी क्षेत्रका दुई स्थानीय तहमा बुइपा सवस्टेसनबाट विद्युत् विस्ता गरिएको छ । लामो दूरी भएकाले पटकपटक अवरुद्ध हुने गरेको छ । यो वर्ष काम नगर्ने ठेकेदार कम्पनीसँगको सम्झौता तोडेर अर्को ठेक्कामार्फत भए पनि सवस्टेसन सञ्चालन गर्ने योजनामा प्राधिकरण लागि परेको छ ।'

सवस्टेसन निर्माणको काममा ठेकेदार कम्पनीले बेलैमा चासो नदिनुका साथै निर्माण सामग्री तथा कामदारको रकम भुक्तानी नलिएकाले समस्या सिर्जना भएको स्थानीयले बताएका छन् । बाक्सिलामा निर्माणाधीन सवस्टेसनको काम अलपत्र छाडेर सम्पर्कविहीन भएका ठेकेदारसँग सम्पर्क गर्ने प्रयास भइरहेको पनि विद्युत् प्राधिकरणले जनाएको छ ।

सम्झौता म्यादभित्र सवस्टेसनलगायत भौतिक संरचना निर्माणको काम नसकिएपछि प्राधिकरणका कर्मचारीसँगको मिलेमतोमा भेरिएसन गर्दै पटकपटक म्याद थप भएको पाइएको छ । ठेकेदार कम्पनीले प्राधिकरणसँग सवस्टेसनका लागि म्याद थप गरेपछि पुनः सम्पर्कविहीन हुने गरेको जनाइएको छ ।

बाक्सिलामा निर्माणाधीन सवस्टेसन सञ्चालन नहुँदा उत्तरी क्षेत्रमा बसोबास गर्दै आएका स्थानीयका लागि विद्युत् प्रवाह प्रभावकारी हुन सकेको छैन । बुइपा सवस्टेसनबाट उत्तरी क्षेत्रमा सिधै वितरण गरिएको विद्युत् पानी पर्दा, हावा चल्दा तथा चट्याङ पर्दा लामो समयसम्म अवरुद्ध हुने गरेको उपभोक्ताहरूले बताउँदै आएका छन् । भारतीय ठेकेदार कम्पनी एटुजेड इन्फ्रा इञ्जियरिङ लिमिटेडले देशभर २२ स्थानमा सवस्टेसन निर्माणको ठेक्का लिएको समाचार स्रोतले जनाएको छ । *रासस*

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ